का.जि.प्र.का.द.नं. १००/०५९/६०
२८ वैशाख २०८२,
आइतबार
11 May, 2025
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ९८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com


# बहुविवाह र करणीमा महिलालाई पनि सजाय

महिलाले श्रीमानसँग सम्बन्ध बिच्छेद नगरी अर्कोसँग विवाह गर्न पाउने, तर पुरुषले गरे बहुविवाहमा मुद्दा चल्ने प्रावधान संशोधन गर्न लागिएको हो । महिलाले पनि श्रीमानसँग सम्बन्धबिच्छेद नगरी अर्कोसँग विवाह गरे बहुविवाहको मुद्दा लाग्ने प्रावधान प्रस्तावित छ



महिला र पुरुषका लागि समान भनेर कतिपय प्रावधान आएका छन् । कतिपय प्रावधानमा सुधार चाहिन्छ । प्रस्तावित व्यवस्थामा छलफल आवश्यक छ ।

■ **सविन श्रेष्ठ**
अधिवक्ता



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ वैशाख ।

बहुविवाह र करणीमा महिला र पुरुषका हकमा समान कानुनी व्यवस्था गरिने भएको छ ।

यस निम्ति सरकारले नयाँ कानुनको मस्यौदा तयार पारेको छ । संविधान र कानुनका जानकार अधिवक्ता सविन श्रेष्ठका अनुसार बहुविवाह र जबरजस्ती करणी पुरुषले मात्रै गर्छ भन्ने मनोविज्ञानले बनेका ऐन कार्यान्वयनमा छन् ।

१८ वर्ष भन्दा कम उमेरकी बालिकासँगको यौन सम्बन्ध सहमतिमै भएता पनि त्यो बलात्कार अन्तर्गत पर्ने कानुनी व्यवस्था छ । यस्तोमा पुरुष पनि बालिग रहेछ भने सुधार गृहमा जान्छ भने बालिग रहेछ भने बलात्कारको मुद्दामा हुने सजाय अन्तर्गत जेल जान्छ । तर, महिलाको हकमा यस्तो व्यवस्था छैन ।

श्रेष्ठका अनुसार महिलाले बहुविवाह र करणी गर्न सक्छ भन्ने मनसाय प्रचलित ऐनमा छैन । पृष्ठ २ मा

## वायु प्रदूषणबाट जोगिने उपाय

- वायु प्रदूषणवाट श्वासप्रश्वासमा असर पर्ने भएकाले घरवाहिर निस्कँदा मास्कको प्रयोग गरौं,
- वातावरणमैत्री सवारी साधनको प्रयोग गरौं,
- दाउरा र कोइलाको सकेसम्म कम प्रयोग गरौं,
- निर्माणस्थल, उद्योग कलकारखाना आदिबाट निस्कने धुलो धुवाँको उचित व्यवस्थापन गरौ,
- श्वासप्रश्वाससम्बन्धी समस्या आएमा स्वास्थ्य परीक्षण गराऔं,
- जथाभावी प्लास्टिकलगायतका वस्तु नजलाऔं,
- रुखविरुवा रोपौ, हरियाली बढाऔं र वनजङ्गल जोगाऔं ।

***वायु प्रदूषणको असरबाट बचौ र बचाऔं ।***

नेपाल सरकार
विज्ञापन बोर्ड




# भारत–पाकिस्तान युद्धविराम

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २७ वैशाख

बुधबार बिहानबाट सुरु भएको दक्षिण एशियाका २ देश भारत र पाकिस्तानबीच अन्ततः युद्धविरामा भएको छ ।

अमेरिकाको मध्यस्थतामा दुवै देश तत्काल लडाइँ रोकेर वार्तामा बस्न तयार भएका हुन् ।

भारतीय र पाकिस्तानी अधिकारीहरूले युद्धविरामका लागि सहमति भएको पुष्टि गरेका छन् ।

गत महिना भारत-प्रशासित कश्मीरको पहलगाममा सन्दिग्ध चरमपन्थी लडाकुहरूले गोली हानी १ नेपालीसहित २६ पर्यटकको हत्या गरेपछि भारत र पाकिस्तानबीच तनाव बढेको थियो । चरमपन्थीहरूलाई पाकिस्तानले सघाएको आरोप भारतले लगाएको थियो । तर पाकिस्तानले त्यसको खण्डन गरेको थियो ।

यो साता भारतले पहलगाम घटनाको जवाफ दिन भन्दै पाकिस्तान र पाकिस्तान-प्रशासित कश्मीरका विभिन्न स्थानमा हवाई हमला गरेको थियो । त्यसपछि दुवै पक्षले एकअर्कोले आफ्नो भूमिमा गोलाबारी गर्दै क्षेप्यास्त्र र ड्रोन प्रहार गरेका थिए।

भारतले सैन्य कारबाही थालेपछि दुवै देशमा मानिसहरू हताहत पनि भएको छन् ।



*आक्रमण रोक्ने सहमतिपछि पाकिस्तानको मुल्तानमा मिठाइ बाँडेर खुसीयाली मनाउँदै सर्वसाधारण ।* ***तस्बिर : एएफपी***

## नेपालले गुमाएको अवसर

छिमेकी भारत-पाकिस्तानबिचको तनावलाई लिएर नेपालमा पनि चिन्ता र चासो प्रकट भएको छ । २ देशबीच अघोषित युद्ध सुरु भएको ४२ घण्टापछि नेपाल सरकारले आतंकवादविरुद्ध कसैलाई साथ नरहने भन्दै अप्रत्यक्ष रूपमा भारतलाई साथ रहेको बताएको थियो ।

को सर्वोच्च जनप्रतिनिधिमूलक संस्था प्रतिनिधि सभाले चासो र चिन्ता प्रकट गरेको छ । भारतको पृष्ठ २ मा

## अमेरिकाको मध्यस्थता !

**काठमाडौं/मस–** अमेरिकाको मध्यस्थतामा भारत र पाकिस्तान युद्धविराम गर्न सहमत भएका छन् ।

भारत र पाकिस्तानबीचको सीमामा निरन्तर ड्रोन आक्रमण, गोलाबारी र तनावपूर्ण अवस्था सिर्जना भएको बेला अमेरिकाले मध्यस्थताका लागि पहल गरेका थिए ।

अमेरिकाको आग्रहमा भारत र पाकिस्तान युद्धविरामका लागि तयार भएका हुन् । दुवै देशले शनिबार साँझ ५ बजेदेखि लागू हुनेगरी सैनिक गतिविधि रोक्ने पृष्ठ २ मा

# पदाधिकारी चयन प्रक्रियामा पीडित पक्षलाई बेवास्ता

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २७ वैशाख ।

सङ्क्रमणकालीन न्याय (टीआरसी)सँग सम्बन्धित २ आयोगको पदाधिकारी नियुक्तिको विषय गर्भमै विवादित बनेको छ । ३ ठूला दल नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)बीच भागबण्डामा पदाधिकारी नियुक्ति गर्ने र द्वन्द्वपीडित समुदायलाई बेवास्ता गरेपछि यो विषय विवादको भुमरीमा फसेको हो ।

द्वन्द्वकालीन मुद्दा व्यवस्थापनकालागि लामो समयदेखि पेचिलो बनेको सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक १३ भदौ २०८१ मा राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणिकरण गरेका थिए । तर, कानुन बनेको ८ महिनासम्म त्यसको कार्यान्वायनकालागि बनाउनु पर्ने आयोग अझै बन्न सकेको छैन् । आयोगका पदाधिकारी सिफारिस गर्न बनेको सिफारिस समितिले उम्मेदवारहरूसँग अन्तरवार्ता लिइरहँदा द्वन्द्वपीडित समुदायले भने चर्को विरोध जनाउँदै सरकार र दलहरूको ध्यानाकर्षण गराइरहेका छन् । टीआरसीसँग सम्बन्धित २ आयोगको पदाधिकारी सिफारिस प्रक्रिया खारेज गरी नयाँ प्रक्रिया सुरु गर्नुपर्ने उनीहरूको माग छ ।

सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐनबमोजिम २ आयोगको पदाधिकारी सिफारिसका लागि गठन गरेको समितिले प्राप्त आवेदक मध्येबाट संक्षिप्त सूची प्रकाशन गरी अन्तरवार्ताको प्रक्रिया अघि बढाएको हो ।

> द्वन्दपीडित समुदायलाई पूर्णरुपमा उपेक्षा गरी अपारदर्शी, देखावटी र भागबन्डाका आधारमा आयोगमा सिफारिस गर्न लागिएको आरोप छ । माग सम्बोधन नभए पीडितहरुको अगुवाइमा समानान्तर नागरिक आयोग गठन गर्ने चेतावनी समेत दिएका छन् ।

२ महिनाभित्र कार्यसम्पन्न गर्ने गरी गठित समितिको म्याद १३ जेठमा सकिदै छ । त्यसअघि नै सिफारिस गर्ने समितिको तयारी भएको भनिएपनि यो विषय सजिलो नभएको सिफारिस प्रक्रियामा संलग्न एक सदस्यले बताए । 'सत्य निरूपण तथा मेलमिलाप आयोगको अध्यक्ष कांग्रेस र बेपत्ता आयोगको अध्यक्ष एमालेको उम्मेदवार हुने गरी शीर्ष नेताहरूबीच सहमति भएको थियो', उनले भने 'सोही अनुसार सरकारमा रहेका दलहरूले पदाधिकारी नियुक्तिका लागि सहमतिमा प्रक्रिया अघि बढाएका थिए । तर, पछिल्लो पटक यो विषमा पीडितपक्षको माग र दबाबकाकारण समयमा सिफरिस भइहाल्छ भन्ने सक्ने अवस्था छैन ।'

दलीय सहमतिअनुसार एमाले निकटको अध्यक्ष भएको आयोगमा कांग्रेस निकटका २ सदस्य र कांग्रेस नजिकको अध्यक्ष भएको आयोगमा एमाले नजिकका २ पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# वैदेशिक रोजगार कम्पनीहरूलाई वर्गीकरण गर्ने सरकारको तयारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ वैशाख

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगार कम्पनीहरूको वर्गीकरण गर्ने तयारी गरेको छ । हाल १ हजार हाराहारीमा म्यानपावर कम्पनी दर्ता छन् ।

तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठको कार्यकालमा वैदेशिक रोजगार व्यवसायमा संलग्न इजाजत पत्रवाला संस्था वर्गीकरण गन सहसचिव राजिव पोखरेलको संयोजकत्वमा कार्यदल गठन भएको थियो । वर्तमान श्रम मन्त्री शरतसिंह भण्डारीले पनि अघिल्लो कार्यकालमा म्यानपावर कम्पनीहरुको वर्गिकरण गरिनु पर्नेतर्फ जोड दिएका थिए ।

हाल मन्त्रालयमा यस विषयमा छलफल चलिरहेको वैदेशिक रोजगार विभागका नवनियुक्त महानिर्देशक कमल प्रसाद भट्टराईले जानकारी दिए । शुक्रबार नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समिति सामाखुशीको प्रतिनिधिमण्डलसँगको भेटमा नवनियुक्त महानिर्देशक भट्टराईले वैदेशिक रोजगार व्यवसायलाई व्यवस्थित र मर्यादित बनाउँदै ठोस सुधारका लागि वर्गीकरण गर्न जरुरी देखिएको कारणले वर्गीकरणको कार्यविधि बनाउन छलफल सुरूवात गरिएको बताए । उनले भने, 'हाल बैक तथा वित्तीय संस्था, निर्माण व्यवसायी लगायतका व्यवसायीको स्तर निर्धारणका लागि वर्गीकरण गरिएको छ, वैदेशिक रोजगार क्षेत्रलाई मर्यादित र सम्मानित बनाउन वर्गीकरण गरिनुपर्ने हो की भन्ने आवश्यकता महशुस भएर छलफल चलिरहेको छ ।'

वैदेशिक रोजगार व्यवसायीहरूले भने समान शर्तका आधारमा स्थापना भएका र वैदेशिक रोजगारको मामिला जोडिएको क्षेत्रलाई बैक तथा वित्तीय संस्था, निर्माण व्यवसायी जस्तो वर्गीकरण गर्नु अव्यवहारिक हुने बताएका छन् । उनीहरूले म्यानपावर कम्पनीको वर्गीकरण गर्नासाथ दोश्रो र तेस्रो वर्गमा पर्ने वैदेशिक रोजगार व्यवसायीले विदेशबाट मागपत्र प्राप्त गर्न नसक्ने र उनीहरू धराशायी हुने खतरा रहेको जिकिर गरेका छन् ।

महानिर्देशक भट्टराईका अनुसार म्यानपावर कम्पनीको मापदण्ड तथा स्तर निर्धारण गरी वर्गीकरण गर्न आवश्यक सूचक तथा पृष्ठ २ मा

## मलेसियामा कामदारलाई रोजगारदाता परिवर्तन गर्न अनुमति

**मलेसिया (क्वालालम्पुर)/मस**-मलेसिया सरकारले आफ्नो मुलुकमा कार्यरत विदेशी कामदारहरूलाई रोजगारदाता परिवर्तन गर्न अनुमति दिने निर्णय गरेको छ । अब मलेसियामा विदेशी कामदारले ५ वटा सेक्टरमा परिवर्तन गर्न पाउनेछन् । चाँडै जारी हुने नयाँ निर्देशिकाअन्तर्गत विदेशी कामदारलाई उत्पादन, निर्माण, कृषि, वृक्षरोपण र सेवागरी ५ वटा औपचारिक क्षेत्रहरू भित्र मात्र काम परिवर्तन गर्न अनुमति दिइनेछ ।

मलेसियाका गृहमन्त्री दातुक सेरी सैफुद्दिन नासुतीओन इस्माइलले मानव संशाधन मन्त्री स्टीभन सिम ची किओङसँग बिहीबारको बैठकपछि उक्त निर्णय गरिएको सार्वजनिक गरेका हुन् ।

यसअघि विदेशी कामदारहरूले कम्पनी पुनःसंरचना, बन्द, विस्तार वा श्रम विभागको निगरानी समितिको स्वीकृति पछि एउटै क्षेत्रमा मात्र रोजगारदाता परिवर्तन गर्न अनुमति पाउने गरेका थिए । यो परिवर्तनले सरकार, रोजगारदाता र कामदार सबैलाई लाभ हुने गृहमन्त्री पृष्ठ २ मा

VACANCY ANNOUNCEMENT

यस प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

**International Marketing Manager - 2 (Male/Female)**
- Diploma in Computer.
- Work experienced in related field.

**Computer Operater/Documentation Officer - 2 (Male/Female)**
- Knowledge in DOFE & MOFA System.
- Work experienced in related field.

**Receptionist - 2 (Female)**
- Should Have a Knowledge in Computer.
- Work experienced in related field.

Attractive Salary & Extra Benefit Provided

Send your CV at info.sugam1@gmail.com

SUGAM OVERSEAS PVT. LTD.
इजाजत पत्र नं. ८३८/०६६/०६७
**सुगम ओभरसिज प्रा. लि.**
सामाखुसी (रिङ्गरोड), काठमाडौं, फोन: 01-4986106, 4987183.
Mobile No: 9851009946, 9813492755.

मध्यान्ह
www.madhyanhadaily.com



# खोटाङ हलेसी सेवा समाजद्वारा खोटाङे चिकित्सकहरू र समाजसेवी सम्मानित



**काठमाडौं /मस**–खोटाङ हलेसी सेवा समाज काठमाडौंले खोटाङमा जन्मिएर मुलुकका बिभिन्न अस्पतालहरूमा सेवारत २ दर्जन चिकित्सकसहित विभिन्न व्यक्तित्वहरूलाई सम्मान गरेको छ । सेवा समाजको आठौं साधारणसभाका अवसरमा उनीहरूलाई सम्मान गरिएको हो ।

कोशी प्रदेशका भौतिक पूर्वाधार तथा स्वास्थ्यमन्त्री भुपेन्द्र राई तथा कार्यक्रमका विशिष्ट अतिथि वरिष्ठ स्त्रीरोग विशेषज्ञ डा. भोला रिजालले शनिबार उनीहरूलाई सम्मान प्रदान गरे ।

सम्मानित हुने चिकित्सकहरूमा राप्ती स्वास्थ विज्ञान प्रतिष्ठान डा.प्रा.डा. कृष्ण कुमार राई, वरिष्ठ मिर्गौला रोग विशेषज्ञ विजयमानसिह कटुवाल, मुटुरोग विशेषज्ञ डा. सरोज घिमिरे, हाडजोर्नी विशेषज्ञ डा.राजीव बास्तोला, डा.मनिष आचार्य, मनोरोग डा.कृष्ण राउत र बालरोग विशेषज्ञ डा. पुनमध्वज राई तामाङ छन् ।

त्यसैगरी डा.शरत कटुवाल, डा. अविन्द्र राई, डा. राजीब रोका, डा. नारायण रिजाल, डा. विप्लव रिजाल, डा. मिरा घिमिरे, डा.दर्शन घिमिरे, डा.यशोदा खड्का, डा. विशाल कार्की, डा. आस्था कटुवाल, डा. प्रकाश श्रेष्ठ, डा. आभासचन्द्र कटुवाल, डा. आशिष कार्की, डा. अशोक श्रेष्ठ, डा. जसविन श्रेष्ठ र डा. विशाल कार्कीलाई पनि समाजले सम्मान गरेको छ ।

समाजले समाजको अक्षयकोष स्थापनाका लागि योगदान गर्ने समाजका पूर्वअध्यक्ष कर्णराज कटुवाल, व्यवसायी टंक श्रेष्ठ, व्यवसायी रामजी कटुवाल, लक्ष्मी गिरी, राकेश राई, पत्रकार गणेश थापा, वरिष्ठ अधिवक्ता देवराज कटुवालसहितलाई पनि सम्मान गरेको छ ।

खोटाङ जिल्लाबाट काठमाडौं आइ बसोबास गरिरहेकाहरूले २०६७ सालमा समाज स्थापना गरेका हुन् ।

साधारणसभाको उद्घाटन समारोहमा समाजका सल्लाहकार प्रा. डा. कृष्ण कुमार श्रेष्ठ, वरिष्ठ अधिवक्ता नेपाल बारका कोषाध्यक्ष जगत बहादुर कार्की, खोटाङ सेवा समाजका राकेश राई, डुम्रेकोट सेवा समाजका अध्यक्ष मदन रिजाल, रावादुवे सेवा समाजका अध्यक्ष युवराज गुरूङ, बाटा पोखरी सेवा समाजका अध्यक्ष उमेश कुमार श्रेष्ठ, मात्तिम सेवा समाजका अध्यक्ष गोपीकृष्ण खड्का, दिक्तेल सेवा समाजका अध्यक्ष गोपालचन्द्र राई, सशस्त्र प्रहरीका पूर्वनायव महानिरीक्षक शम्भु कटुवाल, मध्यान्ह राष्ट्रिय दैनिकका प्रधानसम्पादक मदनकुमार श्रेष्ठ, समाजसेवी कमल बहादुर कटुवाल, प्रहरी उपरीक्षक मिलन केसी, सशस्त्र प्रहरी उपरीक्षक कविन्द्र राई, युवा व्यवसायी हेमराज कार्की, प्रहरी नायव उपरीक्षक सुधिर राई, राष्ट्रिय व्यवसायी महासंघका पूर्वअध्यक्ष नरेश कटुवाल, समाजसेवी गोपाल सैजु, किराँत राई, यायोख्खा काँडाघारीका अध्यक्ष समाजसेवी तेजकुमार राई, दोलखनाथ ओझा, प्रहरी उपरीक्षक सिताराम राई, उपसचिव चमिला भट्टराई, समाजसेवीहरू लक्ष्मी गिरी, खेम सुवेदी, युवा व्यवसायी चन्द्र केसी, रामजी कटुवाल कविन्द्र राई, गणेश बस्नेत, सल्लाहकार हिरा गुरूङ, टंक बहादुर श्रेष्ठ, नारायण न्यौपाने, सहसचिव सिता अधिकारी लगायत करिव २ सय जनाको सहभागिता रहेको थियो ।

साधारणसभा उद्घाटन कार्यक्रममा राष्ट्रिय बाल अधिकार परिषद् उपाध्यक्ष बम बानियाँ, राष्ट्रिय खेलकुद परिषद्का उपसचिव देवराज कटुवाल, वरिष्ठ अधिवक्ताद्वय जगत बहादुर कार्की र देवराज कटुवाल र समाजका पूर्वअध्यक्ष कर्णराज कटुवाल तथा पत्रकार गणेश थापालाई पनि समाजमा लागि पुऱ्याएको योगदानको कदर गर्दै सम्मान गरिएको थियो ।

गत चैत १६ गते वनभोजमा समाजको अक्षयकोष स्थापनाका लागि पहल गर्ने व्यवसायी ओम अस्पताल तथा रिसर्च सेन्टरका निर्देशक टंक बहादुर श्रेष्ठ र अन्य दाताहरूलाई सम्मान गरिएको थियो ।

समाजकी तत्कालीन अध्यक्ष इन्दा थापाले प्रगति विवरण राख्दै २ वर्षमा २३ बैठक राखेको, पशुपतिमा आरती, रक्तदान कार्यक्रम, ११ जना सदस्य निधनमा शोक व्यक्त, नयाँ वर्ष शुभकामना, वनभोज, क्यालेन्डर प्रकाशन, वीर अस्पतालमा विपन्न विरामीलाई सहायता गरेको भन्दै जिल्लाको भाषा संस्कृति, विदेशमा रहेकालाई समन्वय, बार्षिक भेटघाट गरेको बताइन् ।

शुभकामना मन्तव्य राख्दै वरिष्ठ अधिवक्ता देवराज कटुवालले २०४२ सालदेखि सक्रिय भएपनि २०६७ संस्थागत भएको जानकारी दिदै खोटाङ यातायात र स्वास्थ पछाडि परेको अवस्थाबाट अगाडि बढेको र यातायात र स्वास्थ क्षेत्रमा योगदान गर्नेहरूलाई खोजीखोजी सम्मान गरेको जानकारी दिए । अघिल्लो पटक १४ जना पाईलटलाई सम्मान गरेकोमा यसपटक चिकित्सकलाई सम्मानित गरेको कटुवालले जानकारी दिए ।

कार्यक्रममा वरिष्ठ स्त्रीरोग विशेषज्ञ डा. भोला रिजाल, न्यायाधीशद्वय डा. पर्शुराम भट्टराई, लक्ष्मी घिमिरे र बम बानियाँले समाजले जिल्ला र जिल्लावासीका लागि गरेको कार्य अनुकरणीय र अतुलनीय रहेको भन्दै साधारणसभाको सफलताको शुभकामना व्यक्त गरेका थिए । संस्थाका प्रथम उपाध्यक्ष विजय घिमिरेले स्वागत मन्तव्य राखेको कार्यक्रमको सञ्चालन महासचिव सुरेन्द्र कटुवालले गरेका थिए । यसैबीच साधारणसभाले इन्दा थापाको अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति चयन गरेको छ ।

समाजको प्रथम उपाध्यक्षमा अर्जुन गैरपिप्ली, द्वितीय उपाध्यक्षमा परशुराम कटुवाल, तृतीय उपाध्यक्षमा रामजी कटुवाल, महासचिवमा सुरेन्द्र कटुवाल, सचिवमा कुमार बाबु बस्नेत, कोषाध्यक्षमा सुब्बा कटुवाल र सहकोषाध्यक्षमा प्रेम केसी चयन भएका छन् ।

यस्तै, सदस्यहरूमा काजी खड्का, प्रकाश राजभण्डारी, लक्ष्मीप्रसाद गिरी, सीता कार्की, अन्जना थापा, दीपक पौडेल र पदम बञ्जारा छन् ।

---

**बहुविवाह...**

यस्तो व्यवस्थाका कारण कतिपय अवस्थामा पुरुषसमेत पीडित हुँदा न्यायबाट बन्चित हुने गरेको भनेर कतिपयले प्रश्न उठाउने गरेका छन् । यस्तै प्रश्नलाई सम्बोधन गर्ने गरी कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयले बहुविवाह र करणीमा महिलालाई पनि सजाय हुने गरी ऐन बनाउन अग्रसर भएको छ । यस निम्ति मुलुकी अपराध संहिता २०७४ लाई संशोधन गर्न लागिएको छ ।

कानुन मन्त्रालयले मुलुकी अपराध संहिता २०७४ लाई संसोधन गर्न विधेयकको मस्यौदा तयार पारेको छ । जसमा बहुविवाह र करणीमा महिला र पुरुष दुवैमध्ये जो पीडक हो उसलाई समान सजाय हुने प्रतावित व्यवस्था छ ।

पुरुषले मात्रै बहुविवाह गर्न सक्ने भाव प्रचलित ऐनमा छ । यसअनुसार कुनै महिलाले श्रीमानसँगको सम्बन्ध बिच्छेद नगरेर पनि अर्कोसँग विवाह गर्न सक्छन् । तर, पुरुषले गरे तुरुन्तै बहुविवाहमा मुद्दा चल्छ । महिलाले श्रीमानसँग सम्बन्ध बिच्छेद नगरी अर्कोसँग विवाह गर्न पाउने तर, पुरुषले त्यही गरे बहुविवाहमा मुद्दा चल्ने प्रावधान संशोधन गर्न लागिएको हो । महिलाले पनि श्रीमानसँग सम्बन्ध बिच्छेद नगरी अर्कोसँग विवाह गरे बहुविवाहको मुद्दा लाग्ने प्रावधान प्रस्तावित छ ।

विधेयक ल्याउनुको कारणबारे मस्यौदामा भनिएको छ, 'पुरुषले बहुविवाह गरेमा सजाय हुने साविकको व्यवस्थालाई परिमार्जन गरी अब पुरुष वा महिला दुवैले बहुविवाह गर्न नपाउने व्यवस्था गर्न ।' जबरजस्ती करणीको हकमा पनि पुरुषले मात्र करणी गर्ने भाव प्रचलित ऐनमा रहेकाले संशोधन गर्न लागिएको मस्यौदामा उल्लेख छ । विधेयक ल्याउनुको कारणबारे अगाडि भनिएको छ, '...पुरुषले मात्र जबरजस्ती करणी गर्ने नभई महिलाबाटसमेत जबर जस्ती करणी हुन सक्ने अवस्थालाई विचार गरी अब महिला तथा पुरुष दुवैलाई जबरजस्ती करणीमा सजाय हुने व्यवस्था गर्न ।'

बहुविवाह र करणीमा पुरुष र महिला दुवैलाई समान कानुनी व्यवस्था गर्नुको कारणमा नेपालको संविधानको धारा १८ को उपधारा (१) लाई आधार मानिएको छ । जहाँ 'सबै नागरिक काननको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने हक रहेको' उल्लेख छ ।

संविधान र कानुनका जानकार अधिवक्ता श्रेष्ठ प्रस्तावित व्यवस्थाका सम्बन्धमा छलफल हुन आवश्यक रहेको बताउँछन् । उनी भन्छन्, ' महिला र पुरुषका लागि समान भनेर कतिपय प्रावधान आएका छन् । कतिपय प्रावधानमा सुधार चाहिन्छ । प्रस्तावित व्यवस्थामा छलफल आवश्यक छ ।'

**नेपालले...**

कश्मीरको पहलगाममा २२ अप्रिलमा भएको आतंकवादी आक्रमणपछि बढेको २ देशबीचको तनावले नेपाल सरकार चिन्तित रहेको परराष्ट्र मन्त्रालयले बिहीबार विज्ञप्ति जारी जनाएको थियो ।

सरकारको विज्ञप्ति भारतप्रति सहानुभूति दर्शाउने खालको थियो । भारतले पाकिस्तानमाथि गरेको मिसाइल आक्रमणबारे सरकारले केही पनि उल्लेख गरेको थिएन । विज्ञप्तिले नेपाल पाकिस्तानलाई किनारा लगाउँदै पहलगाममा भएको आक्रमणको दोष उसैमाथि थोपिदिएको हो । तर २ देशको तनावलाई कम गर्न मध्यस्थताको भूमिका निर्वाह गर्ने सुखद अवसर गुमाएको छ ।

तर भारत र पाकिस्तानले अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पको आह्वानमा युद्धविराम गर्न सहमति गरेका छन् ।

भारत र पाकिस्तानको साझा छिमेकी पनि नेपाल हो । दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को सदस्य र विश्वमा शान्तिको सन्देश बोकेर चिनिएको राष्ट्रको रूपमा स्थापित नेपाल भारत र पाकिस्तानबिच शान्ति स्थापना गराउनका लागि महत्त्वपूर्ण भूमिका खेल्न सक्थ्यो ।

परराष्ट्रमामिलाका जानकार हरूका अनुसार नेपालले भारत र पाकिस्तानबिच संवादको लागि तटस्थ मञ्च प्रदान गर्न सक्थ्यो । काठमाडौं वा लुम्बिनीमा उच्चस्तरीय शान्ति सम्मेलन आयोजना गरेर कश्मीर र अन्य विवादास्पद मुद्दाहरूमा छलफलको सुरुवात गर्न अवसर नेपाललाई थियो । 'नेपालको तटस्थ छविले दुवै देशलाई विश्वासमा लिन सक्छ । विगतमा नेपालले प्रयास नगरेको होइन तर त्यो पर्याप्त भएन' परराष्ट्रमामिलाका जानकार अरुण सुवेदीले भने । भारत र पाकिस्तानबिचको तनावले सार्कको प्रभावकारिता कमजोर छ । नेपालले सार्कको सक्रिय सदस्य एवं अध्यक्षको रूपमा क्षेत्रीय सहकार्यलाई जोड दिनुपर्नेमा चुक्दै आएको टिप्पणी पनि उनको छ । बंगलादेश, श्रीलंका, भुटान र माल्दिभ्स जस्ता अन्य सार्क सदस्यहरूसँग मिलेर नेपालले भारत र पाकिस्तानलाई संवादमा ल्याउन दबाब सिर्जना गर्न सक्छ । यस्तो सामूहिक प्रयासले क्षेत्रीय स्थायित्वलाई बलियो बनाउने धारणा जानकारहरूको छ ।

यतिमात्र होइन, प्रतिनिधि सभामा पनि सांसदहरूले छिमेकी दुई देशबिचको द्वन्द्वका बारेमा सरकारको ध्यानाकर्षण गराएका थिए । 'आफ्नो छिमेकी मात्र होइन सार्कको अध्यक्षको हैसियतले यो क्षेत्रको शान्ति र स्थिरतामा नेपालको स्वाभाविक चासो हुनुपर्छ'रास्वपा सांसद शिशिर खनाल भन्छन्, 'नजिकको छिमेकीको अर्को छिमेकीसँग द्वन्द्व भयो भने हामीले भोग्नुपर्ने सम्भावित चुनौतीहरू, भूराजनीतिक दबाब, कूटनीतिक असन्तुलन, खुला सिमाना, सुरक्षा जोखिमलाई ध्यान दिएर भारत र पाकिस्तानसँग नेपालले संवादको अग्रसरता लिनुपर्दथ्यो ।'

सांसद राजेन्द्र पाण्डेले पनि सार्क राष्ट्रको अध्यक्षको हैसियतले भारत र पाकिस्तानबिच शान्ति स्थापनाका लागि नेपालले विशेष कूटनीतिक पहल लिनुपर्ने बताउँछन् ।

भारत-पाकिस्तान तनाव बढेका बेला सरकारको ध्यानाकर्षण गराउँदै नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले ५ बुँदे सुझाव दिएका छन् । भारत-पाकिस्तान युद्धले नेपाललाई पर्नसक्ने असरबारे सरकार, सरकारमा रहेका दल, प्रमुख प्रतिपक्ष, अन्य विपक्षी दल, नेपाली मिडिया र सिंगो देश एक ढिक्का भएर उभिनु पर्ने उनको भनाइ छ ।

'आतंकवाद नियन्त्रण तर युद्धको चाँडो समाप्तिकालागि सार्क अध्यक्षका रूपमा नेपालको क्रियाशीलता समग्र विश्व राजनीतिले महसुस गर्नसक्ने उचाइको हुनुपर्छ । नेपाल सरकारलाई युद्धको दर्शक बन्ने छुट छैन, यो परीक्षामा नेतृत्वले देशलाई उत्तीर्ण गराउन सक्नुपर्छ', शर्माले भने ।

कारण जेसुकै भए पनि आणविक हतियार भएका देशहरूबीचको लडाइँ अन्य देशका लागि 'साँढेको जुधाइ, बाच्छाको मिचाइ' हुने जोखिम हुन्छ ।

अध्यक्ष राष्ट्रको हैसियतले पनि नेपालले सार्कका दुई सदस्यबीचको आक्रमणमा मुख नखोल्न नसक्नु सरकारको कुटनीतिक अपरिपक्वता रहेको विज्ञहरू भन्छन् ।

**अमेरिकाको...**

सहमति गरेका हुन् । यसलाई २ देशको सामान्य ज्ञान र महान् बुद्धिमत्ताको परिणामको रूपमा वर्णन गरेका छन् । अमेरिकाले युद्धविराम गर्ने निर्णयका लागि दुवै देशलाई बधाई दिएको छ । अब सीमामा शान्ति पुनर्स्थापित हुने र २ देशबीचको तनाव कम गर्न थप सकारात्मक कदम चालिने अपेक्षा गरिएको छ ।

ट्रम्पले शनिबार सामाजिक सञ्जाल एक्समा पोस्ट गर्दै भनेका छन्, 'संयुक्त राज्य अमेरिकाको मध्यस्थतामा रातभर चलेको वार्तापछि भारत र पाकिस्तान पूर्ण र तत्काल युद्धविराममा सहमत भएका छन् । विवेक र सूझबूझ प्रयोग गरेकोमा दुवै देशलाई बधाई छ ।' भारतको पहलगाममा अप्रिल २२ मा भएको आतंकी आक्रमणपछि दुई देशबीचको सम्बन्ध एकाएक तिक्त बनेको थियो । त्यसको जवाफस्वरूप भारतले पाकिस्तानभित्रका आतंकी शिविरहरूमाथि हवाई आक्रमण गरेको थियो । त्यसपछि पाकिस्तानले पनि भारतका सैन्य र नागरिक संरचनामाथि ड्रोन र मिसाइलमार्फत आक्रमण सुरु गरेको थियो ।

युद्धको अवस्था निम्त्याउनेगरी बढिरहेको यो तनाव अन्ततः अमेरिकी पहलमा थामिएको देखिएको छ ।

शनिबार साँझदेखि लागु हुनेगरी हुने उक्त युद्धविरामको कार्यान्वयन कत्तिको प्रभावकारी हुन्छ भन्नेप्रति क्षेत्रीय तथा अन्तर्राष्ट्रिय समुदायको चासो रहनेछ ।

१ नेपालीसहित २६ जनाको ज्यान लिएको पहलगाम आतंकवादी हमलापछि विकसित घटनाक्रमले भारत र पाकिस्तानलाई युद्धोन्मुख बनाएको थियो । दुवै देशका सेनाले एकअर्कामाथि सीमापार हवाई हमला गरिरहेका थिए ।

२ आणविक शक्तिसम्पन्न राष्ट्रहरू आमने-सामने आउँदा त्यसले सिर्जना गर्ने अवस्थाले विशेषतः दक्षिण एसिया र त्यसपछि सिंगै विश्वलाई चिन्तित बनाएको थियो । नेपालमा पनि युद्ध लम्बिदै जाँदा र फुलफेज युद्धमा परिणत हुँदो सिर्जना हुनसक्ने जोखिमको चिन्ता आमस्तरसम्म पुगेको थियो ।

युद्धविराममा भएको सम्झौताको बारेमा जानकारी दिँदै भारतका विदेश सचिव विक्रम मिश्रीले दुवै पक्षले सैन्य कारबाही र गोलीबारी रोक्न निर्देशन जारी गरेका छन् । उनले भने, 'पाकिस्तानको सैन्य अपरेशनका महानिर्देशकले शनिबार दिउँसो आफ्नो भारतीय समकक्षीलाई फोन गरे । साँझ ५ बजेदेखि दुवै पक्षले जमिन, समुद्र र हवाई फायरिङ बन्द गर्ने सहमति भएको छ ।' उनले दुवै देशका सैन्य अपरेशनका महानिर्देशकले सोमबार फेरि वार्ता गर्ने बताए ।

यसैबीच, पाकिस्तानका उपप्रधानमन्त्री तथा विदेशमन्त्री इशाक दारले पनि पाकिस्तान र भारत पूर्ण तत्काल युद्धविराममा सहमत भएको जनाएका छन् ।

दारले भने,'पाकिस्तान र भारतले तत्काल लागू हुने गरी युद्धविराममा सहमति जनाएका छन् । पाकिस्तानले सधैं आफ्नो सार्वभौमसत्ता र क्षेत्रीय अखण्डतामा सम्झौता नगरी यस क्षेत्रमा शान्ति र सुरक्षा चाहेको छ ।'

**तनावका १९ दिन**

अप्रिल २२ : भारत प्रशासित कश्मीरको पहलगाममा आतंकवादी हमला, १ नेपालीसहित २६ जनाको हत्या

अप्रिल २३ : आतंकवादी हमलामा पाकिस्तानको समर्थन रहेको भारतको आरोप, पाकिस्तानसँग कूटनीतिक सम्बन्ध घटाउने निर्णय, सीमा बन्द, सिन्धु जल सन्धि निलम्बन,

अप्रिल २४ : भारत र पाकिस्तानले एक-अर्काका नागरिकहरूलाई भिसा दिन बन्द, पाकिस्तानले सबै भारतीय स्वामित्व वा सञ्चालन भएका विमानहरूका लागि आफ्नो हवाई क्षेत्र बन्द

अप्रिल २५ : नियन्त्रण रेखा (एलओसी) मा भारतीय र पाकिस्तानी सैनिकहरूबिच गोली हानाहान

मे ३ : पाकिस्तानले ४५० किलोमिटर दूरीसम्म पुग्ने ब्यालेस्टिक मिसाइल परीक्षण,

मे ७ : भारतद्वारा 'अपरेसन सिन्दूर' सुरु, पाकिस्तानमा मिसाइल प्रहार, पाकिस्तान प्रशासित कश्मीर र पञ्जाबमा ३१ जनाको मृत्यु, पाकिस्तानद्वारा ५ लडाकु विमान खसालेको दाबी, १० भारतीयको मृत्यु

मे ८ : भारतद्वारा ड्रोन आक्रमण,

मे ९ : पाकिस्तानबाट भारतमा ड्रोन आक्रमण, आइपिएल स्थगित, जी-७ राष्ट्रहरूद्वारा अधिकतम संयमता अपनाउन दुवै देशलाई आग्रह

मे १० : पाकिस्तानद्वारा 'अपरेसन-बुन्यान-अल-मार्सुस' सुरु, भारतीय प्रशासित कश्मीरमा ठूलो विस्फोटको आवाज

**पदाधिकारी...**

सदस्य रहने तथा बाँकीमा माओवादीका १/१ सदस्य रहने छन् । पीडित तथा नागरिक समाजका प्रतिनिधिको समूहले प्रधानमन्त्री केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई गत सोमबार भेटेर दुवै आयोगहरूमा भागबन्डा नगर्न र पीडितका प्रतिनिधि पनि समावेश गर्न आग्रह गर्दै ज्ञापनपत्रसमेत बुझाएका थिए ।

आफ्नो अर्थपूर्ण परामर्श र अपनत्व सुनिश्चित नभएकाले उक्त प्रक्रिया अवरोध गर्ने दाबी गर्दै पीडित समुदायले शनिबार माइतीघर मण्डलामा प्रदर्शन गरेका छन् । उनीहरूले आम द्वन्दपीडित समुदायलाई पूर्णरुपमा उपेक्षा गरी अपारदर्शी, देखावटी र भागबन्डाका आधारमा आयोगमा सिफारिस गर्न लागिएको आरोप लगाउदै आएका छन् । माग सम्बोधन नभए पीडितहरूको अगुवाइमा समानान्तर नागरिक आयोग गठन गर्ने चेतावनी समेत दिएका छन् । यसअघि ३ वटै दलका शीर्ष नेतालाई भेटेर पीडित पक्षबाट पनि आयोगमा राखिनुपर्ने माग गरेका थिए । पीडितहरू सम्मिलित ९ वटा संघ संस्थाले आयोगमा नियुक्तिका लागि सिफारिस गरेका ३१ उम्मेदवारको नाम बुधबार फिर्ता लिइसकेका छन् ।

त्यस्तै गत मंगलबार मानवअधिकारवादी १० संस्थाले संयुक्त विज्ञप्ति जारी गर्दै पदाधिकारी छनोट प्रक्रिया तत्काल स्थगित नगरे समानान्तर सत्य आयोग गठन गर्ने चेतावनी दिएका थिए । पीडितहरू र मानवअधिकारवादीहरूको विरोधका बावजुद समितिले गरिरहेको पदाधिकारी छनोट प्रक्रियाले निरन्तरता पाएको बताइएको छ । ३४ महिनादेखि रिक्त सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको अनुसन्धान आयोगका पदाधिकारीको नियुक्तिका लागि समितिले ३४ जनाको संक्षिप्त सूची तयार गरेको छ । सिफारिस समितिले दलीय भागबन्डालाई प्रश्रय दिने गरी संक्षिप्त सूची तयार पारेको र पहिल्यै निर्धारित व्यक्तिहरूलाई नियुक्त गर्ने मनसायले अपारदर्शिता ढंगले सिफारिस प्रक्रिया अघि बढाएको उनीहरूको आरोप छ ।

**वैदेशिक...**

कार्यविधि तयार गर्न अध्ययन भइरहेको छ । वैदेशिक रोजगारमा जाने म्यानपावर कम्पनीको संख्याको तुलनामा म्यानपावर कम्पनी धेरै भएको कतिपयको भनाइ छ । सोही मान्यतामा तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठको कार्यकालमा २०७८ सालमा पनि म्यानपावर कम्पनीको वर्गीकरणको चर्चा चलेको थियो ।तत्कालीन मन्त्री श्रेष्ठले म्यानपावर कम्पनी वर्गीकरण गर्दा म्यानपावर कम्पनी कुन राम्रो र कुन नराम्रो भनेर छुट्याउन सजिलो हुने बताएका थिए । उनले वैदेशिक रोजगारलाई व्यवस्थित र मर्यादित बनाउँदै ठोस सुधारका लागि वर्गीकरण आवश्यक रहेको दाबी गरेका थिए । तर वर्गीकरणको प्रक्रियाले ठोस आकार नलिदै मन्त्री श्रेष्ठ सरकार परिवर्तन सँगै मन्त्रालयबाट विदा हुँदा वर्गीकरणको प्रक्रिया त्यत्तिकै सेलाएको थियो ।

२०७५ सालमा वैदेशिक रोजगार ऐनमा संशोधन गरी साविकको ७ लाख नगद धरौटी र २३ लाखको बैंक ग्यारेन्टीलाई परिवर्तन गरी वार्षिक ३ हजार जनासम्म कामदार पठाउने कम्पनीलाई ५० लाख नगद धरौटी र डेढ करोड रुपैयाँको बैंक ग्यारेन्टी, ५ हजार जनासम्म कामदार पठाउने कम्पनीलाई १ करोड नगद धरौटी र ३ करोड रुपैयाँको बैंक ग्यारेन्टी तथा वार्षिक ५ हजार जनाभन्दा बढी कामदार पठाउने म्यानपावर कम्पनीलाई २ करोड नगद धरौटी तथा ४ करोड रुपैयाँको बैंक ग्यारेन्टी राख्नुपर्ने व्यवस्था गरिएको थियो । धेरै व्यवसायीले धरौटी र बैंक ग्यारेन्टीको सोही प्रावधानले म्यानपावर कम्पनीको वर्गीकरण गरि सकेको भन्दै अब थप आधार खोजेर वर्ग विभाजन आवश्यक नभएको पनि टिप्पणी गर्ने गरेका छन् ।

**मलेसियामा...**

सैफुद्दिनले बताए । एक विज्ञप्ति जारी गर्दै उनले पछिल्लो निर्णय विकसित राष्ट्रहरूले पनि अपनाइसकेको प्रणाली र अन्तर्राष्ट्रिय श्रम संगठनले सिफारिस गरेको अभ्याससँग मेल खाने उल्लेख गरेका छन् । मन्त्री सिमले यो कदमले देशमा नयाँ विदेशी कामदारहरूलाई भर्ना गर्नुपर्ने बाध्यतालाई कम गर्ने जनाए । फरक क्षेत्रमा विदेशी कामदार स्थानान्तरण गर्दा विदेशी कामदारहरूको अवैध भर्नाबाट पनि बच्ने र भर्ना कोटाभन्दा बाहिर नजाने कुरा पनि सुनिश्चित गर्ने उनको भनाइ छ । सिमले पछिल्लो निर्णय अनौपचारिक क्षेत्र अन्तर्गत पर्ने घरेलु कामदारहरूको हकमा लागू नहुने पनि स्पष्ट पारे ।


Provincial Government

Ministry of Physical Infrastructure Development

## Urban Development and Building Office, Ilam

Koshi Province, Nepal

### Invitation for Bids

**First Date of Publication: 2082/01/28 B.S.**

1. Urban Development and Building office , ilam invites electronic sealed bids from eligible and qualified bidders for the specified work. Some of the qualification criteria are mentioned below, though the details are mentioned in the bidding document.

| S. N. | Contract No. | Description of Works | Estimated Amount (Including VAT and PS) | Bid security Amount in (NRS) | Last date of bid Submission | Bid Document Price |
|---|---|---|---|---|---|---|
| 1 | UDBO/ILAM/ SQ/WORKS /66/081/082 | Incomplete Baangedangi Community Building Construction Arjundhara 05 Jhapa | 14,48,684.29 | 40,000 | 2082/02/12 (2025 May 26) Upto 12:00 pm noon | 1000 |
| 2 | UDBO/ILAM/ SQ/WORKS /67/081/082 | Construction of Bhagudubba Bajar Shed Barhadarshi Rural Municipality 1 Jhapa | 14,47,256.01 | 40,000 | 2082/02/12 (2025 May 26) Upto 12:00 pm noon | 1000 |
| 3 | UDBO/ILAM/ SQ/WORKS /68/081/082 | Upgradation of the road connecting Main Road from Shambhu Chowk East to Ganga Prasai's house - Haldibari Ga. Pa-2, Jhapa | 14,48,639.48 | 40,000 | 2082/02/12 (2025 May 26) Upto 12:00 pm noon | 1000 |
| 4 | UDBO/ILAM/ SQ/WORKS /69/081/082 | Construction of Area Police Office Building, Buddhashanti-03, Jhapa | 14,48,266.29 | 40,000 | 2082/02/12 (2025 May 26) Upto 12:00 pm noon | 1000 |
| 5 | UDBO/ILAM/ SQ/WORKS /70/081/082 | Construction of Police Post Galdubba Gauradaha-7, Jhapa | 19,31,384.31 | 55,000 | 2082/02/12 (2025 May 26) Upto 12:00 pm noon | 1000 |
| 6 | UDBO/ILAM/ SQ/WORKS /71/081/082 | Construction of Traffic police Post Gaurigang, Jhapa | 14,48,625.5 | 40,000 | 2082/02/12 (2025 May 26) Upto 12:00 pm noon | 1000 |

2. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp For further information please contact to UDBO Office, Ilam Telephone:- 027-521646 Email address:- sahariilam1@gmail.com

**Office Chief**
**Urban Development and Building office, Ilam**

# वन क्षेत्र अब बढाउन सकिँदैन, सघन वनतर्फ अघि बढौँ : प्रधानमन्त्री

**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीले सालघारीको फँडानी हुनु नहुने बताएका छन्।

शनिबार काठमाडौंमा दोस्रो राष्ट्रिय वन संवर्द्धन गोष्ठीलाई सम्बोधन गर्दै उनले यस्तो बताए । उनले विकास र वातावरणमा सन्तुलन जरुरी रहेको बताउँदै वन क्षेत्रमै सालघारी फँडानी गर्न नहुने बताए । उनले पञ्चायतलाई जिताउन तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले ०३६ सालमै वैज्ञानिक वन व्यवस्था भनेर सालघारी फँडानी गरेको आरोप लगाए । उनले वैज्ञानिकताको नाममा गरिएको सालघारी फँडानीको बिरोध आफूहरुले गरिरहेको बताए । उनले सालघारी फँडानीको काम रोकिनुपर्ने भन्दै सालघारी सर्पट फँडानीको गल्ती गर्न नहुने बताए ।



वैज्ञानिक तरिकाले सालघारीको सदुपयोग गरिनुपर्ने र वन क्षेत्र अब धेरै बिस्तार गर्न नसकिने पनि बताए । सघन वनतर्फ अघि बढ्ने नीति अपनाउन जरुरी रहेको बताए । वन क्षेत्रमा पर्ने ग्रामिण क्षेत्रका छेउका खाली जमिनहरुमा कृषकका समूह बनाएर कृषि वन लगाउनुपर्ने बताए ।

प्रधानमन्त्री ओलीले भने, ' विकास र वातावरणमा सन्तुलन जरुरी छ । तर वन क्षेत्रमै सालघारी फाँड्ने काम फँडानी यस्तो वैज्ञानिक वन व्यवस्था त पञ्चायतलाई जिताउन सूर्यबहादुर थापाले ०३६ सालमै एक पटक गरिसकेका हुन् । गज्जवले गरेका हुन्। सालघारी फाँडेर मान्छे बसाएर उधुम गरेर गरेका हुन् । त्यसकारण वैज्ञानिक नामले भुक्किनु हुँदैन । प्रश्न विज्ञानको बिरोध हो र ? विज्ञानको बिरोध होइन, वैज्ञानिकताको बिरोध होइन, त्यस नाममा गरिएको सालघारी फँडानीको बिरोध हो। सालघारीको फँडानी हुनु हुँदैन, रोकिनुपर्छ । सालघारी सर्पट फँडानीको गल्ती गर्नु हुँदैन । वैज्ञानिक तरिकाले सालघारीको सदुपयोग गरिनुपर्छ । फँडानी होइन। वन नीति यही हो, यही नीतिअन्तर्गत अघि बढ्नुपर्छ । वन क्षेत्र अब धेरै बिस्तार गर्न सकिँदैन, त्यसैले सघन वनतर्फ जाऔँ । ग्रामिण क्षेत्रका छेउका खाली जमिनहरु जुन वन क्षेत्रमा पर्छ, कृषकहरुका समूह बनाएर कृषि वन बनाऔँ । आँपघारी लगाइदियो, फलफूलका बगैंचा लगाऔँ ।' प्रधानमन्त्री ओलीले राणाकालीन समयमा सिंहदरबारमा रोपिएका आँप अहिले पनि फलिरहेको बताए ।

यसैबीच कार्यक्रममा वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले २०४६ को परिवर्तनपछि सामुदायिक वन अवधारणाले देशलाई अन्तर ाष्ट्रियस्तरमा प्रशंसा दिलाएको बताए ।

उनले वन व्यवस्थापनको इतिहासमा नेपालको वन प्रणाली हरित लोकतन्त्रको सफल अभ्यास भएको बताए । वर्तमान समय बदलिएकोले तिब्र सामाजिक, आर्थिक र प्राविधिक रुपान्तरणको बीचमा रहेकोले अबको वन व्यवस्थापन नगद आम्दानी, नवप्रवर्तन र डिजिटल प्रविधि बजार पहुँच, मूल्य श्रृंखला र स्थानीय रोजगारी सिर्जनासँग जोड्नुपर्नेमा उनले जोड दिए ।

वन क्षेत्र केबल संरक्षणको विषयमात्र नभएको बताउँदै उनले वन जीवन, जलवायु र अर्थतन्त्रको आधारसमेत भएको स्पष्ट पारे। वन क्षेत्रको समुचित उपयोगका लागि सबै पक्षको एकमत र सहकार्य आवश्यक रहेको उनको भनाइ थियो ।

कार्यक्रममा उनले २० वर्षे रणनीतिक योजनामार्फत नीति, संरचना र मार्गदर्शनको स्पष्टता पाएको र संघीय संरचनाअनुसार संरक्षणको जिम्मेवारी प्रदेश सरकारको रहेको जानकारी दिए।

# सर्लाही र रौतहटमा अवैध क्रसर संचालन, नियमनकारी निकाय मौन

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २७ वैशाख







मधेश प्रदेशका २ जिल्ला सर्लाही तथा रौतहटमा अवैध क्रसर उद्योगहरु खुलेआम संचालनमा रहेको पाइएको छ। सुरक्षा संयन्त्रकै मिलोमतोमा दुबै जिल्लामा अवैध क्रसर उद्योगहरु संचालन रहेको आरोप समेत लाग्ने गरेको छ।

सर्लाहीको बागमती नदीमा नियम विपरीत अवैध क्रसर उद्योगहरु संचालनमा रहेको पाइएपनि सुरक्षा संयन्त्र, नियमनकारी निकाय भने मौन छ। बागमती नदीबाट गिट्टीबालुवा माफियाहरूले मेसिनहरु प्रयोग गरी चरम दोहन गरिरहेका छन्। रौतहटको चन्द्रपुर, वृन्दावन तथा गढीमाई नगरपालिकामा बागमती नदीमा चरम दोहन भइरहेको छ।

जिल्लाका उत्तरी भेगमा पर्ने चन्द्रपुर नगरपालिकाले नदीजन्य पदार्थ उठाउनको लागि आवश्यक मापदण्डहरु पूरा गरेको छैन। खोला उत्खननको लागि उक्त नगरपालिकाले इन्सियल इन्भारमेन्ट एक्जामिनेसन आइइइ समेत नगरेको पाइएको छ।

नगरपालिकाले नदीजन्य पदार्थलाई उत्खननको ठेक्का समेत नलगाएको अवस्थामा खोलामै एक्स्काभेटर लगाएर दोहन गराइरहेका छन्। बागमती नदीबाट हरेक दिन टिप्पर र ट्याक्टरमा नदीजन्य पदार्थको उत्खनन भइरहेको स्थानीयहरु बताउँछन्।

स्थानीय जनप्रतिनिधिहरुले खोलाको अवैध दोहनलाई रोक्न आवाज उठाइरहँदा पनि उनीहरुको आवाजलाई बेवास्ता गरिएको छ।

यसै विषयमा प्रतिनिधिसभा सदस्य देवप्रसाद तिमल्सिनाले सम्बन्धित निकायको उदासिनताको कारण अहिले खोलाहरुमा व्यापक दोहन भइरहेको बताए। उनले अवैध उत्खननलाई तत्काल् रोक्नुपर्ने बताए।

सांसद तिमल्सिनाले भने, 'मैले पटक-पटक प्रमुख जिल्ला अधिकारीलाई फोन गरेर भनेको छु, तर खासै ध्यान नदिएको कारण यस्तो अवस्था सृजित भएको हो।'

गढीमाई नगरपालिका २ का वडाध्यक्ष दीपेन्द्र श्रेष्ठले नगरपालिकाले भविष्यको ख्याल नगरी आफ्नो वडातिरको नदीको गिट्टी र बालुवा बेचेको भन्दै विरोध जनाए। खेती, गाउँ र किसानको वास्ता नगरी नगरपालिकाले जथाभावी ठेक्का दिएकोमा श्रेष्ठले गम्भीर आपत्ती जनाए। समनपुर-टोकार घाटमा बागमतीको मूल धारबाटै गिट्टी उत्खनन भइरहँदा सबै पक्ष मौन रहेका छन्। वृन्दावन र गढीमाई नगरपालिकामा नगरप्रमुखले स्थानीय प्रहरी प्रशासनलाई सेटिङमा मिलाएर अवैध उत्खनन गरी खोलालाई व्यापक दोहन गरिरहेको स्थानीयहरुले बताएका छन्।

खोला अनुगमन एवं नियमनकारी निकायका प्रमुख एवं जिल्ला समन्वय समितिका सभापति रामअयोध्या यादवले भने, 'अब आफू एक्लै अनुगमन गरेर हुँदैन्, समितिका पदाधिकारीहरुसँग जानुपर्छ, तर उहाँहरु वास्ता गर्नुहुन्न के गर्ने ?।' यसैगरी सर्लाहीमा पनि क्रसर माफियाहरूले खोला उत्खनन गरेर अवैध मोबाइल क्रसर र स्वामित्व नभएको अवैध क्रसर संचालनमा रहेको पाइएको छ। सर्लाहीको बसबरिया गाउँपालिका १ मानपुर टोलमा अवस्थित भैसासुरघाटस्थित बागमती नदीमा कानुन विपरित तीन वटा अवैध मोबाइल क्रसर संचालनमा रहेका छन्।

रौतहट र सर्लाहीको खोला नदीहरुबाट अवैध रुपमा उत्खनन गरी व्यापक दोहन भएर खोलाको धार परिवर्तन हुने अवस्थामा पुगेको छ। तर नियन्त्रण गर्न स्थानीय प्रहरी प्रशासनका पदाधिकारीहरु मौन रहँदा कतै मिलेमतो हो की भन्ने आंशका समेत पैदा भएको छ।

# सम्झौताको १ वर्ष अघि नै तार्दीखोला मोटरेवल पुल सम्पन्न हुँदै

लमजुङ/मस-लमजुङमा दर्जनौं योजनाहरु निर्माणाधीन छन्। ती अधिकांश योजनाहरुले पटक-पटक म्याद थप गर्दै अघि बढेपनि निर्माण कार्य सम्पन्न भने हुन सकेको छैन । यस्ता योजनाहरुले जिल्लाको विकास निर्माणमा समेत असर गर्दै आएको छ। निर्माण कार्य थालनी गरेपनि समय थप गर्दा पनि सम्पन्न नभएको योजनाहरु देखेर स्थानीयहरु आजित भएका छन् ।



तर यहाँ तार्दीखोला मोटरेवल पुलको निर्माण कार्य भने सम्झौताको ११ महिना अगावै सम्पन्न हुन लागेको छ। यो पुल समय अगावै सम्पन्न हुने मात्र होइन जिल्लाकै उदारणीय निर्माण कार्य हुनेछ । जिल्लास्थित दोर्दी गाउँपालिका १ र राईनास नगरपालिका ९ जोड्ने यस मोटरेवल पुलको निर्माण अवधि भन्दा ११ महिना अघि सम्पन्न हुन लागेको र हालसम्म ९० प्रतिशत सम्पन्न भएको पूर्वाधार विकास कार्यालय लमजुङले जनाएको छ।

यस कार्यालयका निमित्त प्रमुख विवेक सिग्देलले भने, 'यस पुलको अधिकांश निर्माण कार्य सम्पन्न भएको छ, अब केही दिनमा यसको निर्माण कार्य सम्पन्न हुने र यससँगै निर्माण अवधि रहेको करिब एक वर्ष अगावै यस पुल सम्पन्न हुनेछ।'

एप्रोज रोड र रिभर फिनिसिङका केही काम र रङरोगन कार्य बाहेक सबै काम सम्पन्न भएको उनको भनाइ छ।

कार्यालयका अनुसार १ स्पानको आसीसी बृर्ज रहेको र यसको दुई तर्फ १/१ वटा पिलर गरी २ वटा मात्र पिलर रहेको छ भने २० मिटर लम्बाई र ८ दशमलव ४० मिटर चौडाइ छ।

वि.सं. २०८० चैत १३ गते सम्झौता गरी वि.सं. २०८२ चैत १२ गतेसम्म सम्पन्न गर्ने गरी ओससीस आङबुहाङ जेभीले निर्माण कार्य अगाडि बढाएको छ। सम्पन्न गर्नुपर्ने समय करिब एक वर्ष जस्तै बाँकी रहेको र अब हप्ता दश दिनभित्रमा सबै काम सम्पन्न हुने कार्यालय निमित्त प्रमुख सिग्देलको भनाइ छ।

सो समयमै निर्माण कार्यसम्पन्न भएसँगै समय अगावै कमै सम्पन्न हुनेमध्ये यो पुल हुनेछ । ५ करोड १२ लाख २८ हजार ४४८ रुपैयाँ १६ पैसाको स्टमेन्ट गरेपनि ठेकेदारले ३ करोड १९ लाख ९९ हजार ८३४ रुपैयाँ ५० पैसामा निर्माण कार्य गरेको उक्त कार्यालयले जनाएको छ।

कार्यालयका अनुसार दुई करोड रुपैयाँ विनियोजित रहेको र ९० लाख ६० हजार रुपैयाँ बजेट अपुग भएकाले रकमान्तरको लागि पेश गरेको छ। यस पुल सम्पन्न भएसँगै विषेशगरी दोर्दी १ भारते र राइनास ९ प्यारजुङका स्थानीय लाभान्वित हुनेछन्।

यस पुल हप्तादिश दिनभित्रमा सम्पन्न भएमा निर्माण अवधि अगावै करिब ९ महिना अघि नै सम्पन्न हुनेछ । जिल्लाका अधिकांश योजनाहरु पटक पटक म्याद थप गर्दा पनि नसकिएको बेला यो पुल भने समय अगावै सम्पन्न हुनेछ।

त्यस्तै, मादी नदीपुल सिसाघाट सडक स्तरोन्ती कार्य समेत अन्तिम चरणमा पुगेको छ। यस सडकको ९७० मिटर कालोपत्रे गर्ने कार्यमध्ये अब १०० मिटर मात्र बाँकी रहेको पूर्वाधार कार्यालयका निमित्त प्रमुख सिग्देलको भनाइ छ।

# साना तथा मझौला उद्यमको विकास गर्न जोड



**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, २७ वैशाख

घरेलु तथा साना उद्योग कार्यालय बझाङको आयोजना तथा विभिन्न सरोकारवाला निकायहरूको उपस्थितिमा सदरमुकाम चैनपुरमा उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रमले जिल्लाभित्रका व्यवसायी, उद्यमी तथा सेवाग्राहीहरूलाई व्यवसाय संचालनका क्रममा आवश्यक पर्ने कानुनी प्रक्रिया, सरकारी सेवा प्रणाली, उद्योग दर्ता तथा नविकरण प्रक्रिया, कर प्रणाली, र उद्यम प्रवर्द्धन सम्बन्धी जानकारी प्रदान गरेको छ। जिल्ला समन्वय समिति बझाङका प्रमुख नरबहादुर बोहराले कार्यक्रममा बोल्दै उद्योग र व्यवसायमार्फत जिल्लाको आर्थिक समृद्धि हासिल गर्न सकिने धारणा राखेका छन्।

उनले भने, 'स्थानीय स्रोत र सम्भावनालाई आधार बनाएर साना तथा मझौला उद्यमको विकास गर्न सके बझाङको समृद्धि टाढा छैन। यस्ता अभिमुखिकरण कार्यक्रमहरूले त्यस दिशामा मार्गचित्र तयार गर्न मद्दत गर्छन्।'

सहायक प्रमुख जिल्ला अधिकारी सत्यकुमारी जोशीले व्यवसाय सञ्चालन गर्दा कानुनी प्रक्रियाको सही जानकारी नहुँदा धेरैले सरकारी सेवा उपयोग गर्न नसकेको बताइन्। उनले भनिन्,'अब यस्ता कार्यक्रममार्फत व्यवसायीलाई कानुनी र प्रशासनिक पक्षमा सहजता हुने विश्वास लिएकी छु।'

घरेलु तथा साना उद्योग कार्यालय बझाङका प्रमुख मानबहादुर धामीले यस्ता कार्यक्रम उद्यमशीलता विकासको महत्वपूर्ण आधार भएको बताउँदै सहभागीहरूले व्यवसाय सञ्चालनमा देखिएको अन्योल हटाउन सक्ने धारणा राखेका छन्। कार्यक्रममा विभिन्न स्थानीय तहका उद्यमी, व्यवसायी, महिला तथा युवा उद्यमी, सञ्चारकर्मी लगायतको सहभागिता रहेको थियो। सहभागीहरूले यस्ता कार्यक्रमले व्यवसाय सञ्चालनमा स्पष्टता र आत्मविश्वास दिन सक्ने बताएका थिए।


## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त यस **सुगम ओभरसिज प्रा. लि. (श्रम ईजाजत पत्र नं. ८३८/०६६/०६७)** मा कार्यरत निम्न कर्मचारी यस कार्यालयबाट हटाईएको सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धि कुनै पनि काम नगर्न/नगराउनुहुन यसै सार्वजानिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराईन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि.जिम्मेवार हुनेछैन। साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि.मा वा वैदेशिक रोजगार बिभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.नं. | नाम | पद | नागरिकता नं. |
|---|---|---|---|
| १. | दिपेन्द्र भण्डारी | HR Manager | ७१७०/२५१ |

**सुगम ओभरसिज प्रा. लि.** इजाजत पत्र नं. ८३८/०६६/०६७
सामाखुसी (रिङ्गरोड), काठमाडौं, फोन: ४९८६१०६, ४९८७१८३, मो: ९८४१५९६५१३, ९८१३४९२७५५
Email: info.sugam1@gmail.com | Web: www.sugamoverseas.cm

## साउदीमा रोजगार

कम्पनी: AL THAATY GROUP FOR TRADING — शहर : DAMMAM
पूर्व स्वीकृत मिति: २०८१/०६/११ चलानी नं.: ६०२२५९६७ LT. No.: 311463 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bus Drivers | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६५,६६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Construction Worker /Labour | 3 | 0 | | 1000 | ३६,४८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ ४ गते (18 May 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**सुगम ओभरसिज प्रा. लि.** इजाजत पत्र नं. ८३८/०६६/०६७
सामाखुसी (रिङ्गरोड), काठमाडौं, फोन: ४९८६१०६, ४९८७१८३, मो: ९८४१५९६५१३, ९८१३४९२७५५
Email: info.sugam1@gmail.com | Web: www.sugamoverseas.cm



**नेपाल सरकार**
**उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय**
**जलस्रोत तथा सिंचाई विभाग**
**त्रियुगा नदी व्यवस्थापन आयोजना**
**आम्बासी, उदयपुर**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति : २०८२/०१/२८)**

सार्वजनिक खरिद अनुगमन कार्यालयको अनलाइन वेब पोर्टल www.bolpatra.gov.np/egp मार्फत यस आयोजनाबाट मिति २०८१/१२/१७ मा आह्वान भएको बोलपत्र सम्बन्धी सूचना अनुसार अनलाईन मार्फत रितपूर्वक पेश हुन आएका बोलपत्रहरु मध्ये देहाय बमोजिमका बोलपत्रहरु न्यूनतम मूल्याङ्कीत सारभूत रूपमा प्रभावग्राही देखिन आएका हुदाँ उक्त बोलपत्रहरुको स्वीकृतिका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई यसै आशयको सूचनाद्वारा जानकारी गराईएको छ।

| क्र.स. | बोलपत्रदाताको नाम र ठेगाना | ठेक्का नं. | कबोल अंक (VAT and PS Items) समेत |
|---|---|---|---|
| 1 | Sibu Engineering Consultancy & Construction Pvt. Ltd., Lokanthali, Bhaktapur | TRMP/NCB-01/Triyuga/2081-082 | 68,77,012.95 |
| 2 | P.K. Nirman Sewa, Rautamai Gaupalika -7,Udaypur | TRMP/NCB-02/Triyuga/2081-082 | 90,46,905.27 |
| 3 | Irina.Nirman Sewa, Inaruwa-5, Sunsari | TRMP/NCB-03/Triyuga/2081-082 | 91,87,931.63 |

**आयोजना प्रमुख**
**त्रियुगा नदी व्यवस्थापन आयोजना**



**ककनी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रानीपौवा, नुवाकोट**
**बागमती प्रदेश, नेपाल**

## ठेक्का स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति २०८२/०१/२८**

मिति २०८१/०८/२६ गते यस कार्यालयबाट प्रकाशित शिलबन्दी भरभाउपत्र आह्वानको सूचना बमोजिम E–Bidding मार्फत रीतपूर्वक दर्ता हुन आएका दरभाउपत्रहरुमध्ये तपसिलका बोलपत्र सबैभन्दा न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिका खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनका लागि सम्बन्धित सबैलाई जानकारीको लागि ७ (सात) दिने आशायको सूचना प्रकाशन गरिएको छ।

| क्र.स. | ठेक्का नं | कामको विवरण | सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक |
|---|---|---|---|---|
| 1. | 08/krm/stationery/081-082 | Purchase of Stationery items | Jalapa Enterprises | 729,883.95 |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com

२८ वैशाख २०८२ आइतबार
11 May 2025, Sunday

## सम्पादकीय

# गुम्न नदिऔं विश्वविद्यालयको गरिमा

विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालयका पदाधिकारीहरूले शनिबार शपथ लिएका छन् । पूर्वी पहाडी जिल्ला संखुवासभा र भोजपुर क्षेत्रमा रहनेगरी खुलेको योगमाया विश्वविद्यालयका अध्यक्ष डा.अर्जुन कार्की, कुलपति प्राडा रमेशकुमार ढुंगेल र रजिस्ट्रारमा डा.डम्बरध्वज चेम्जोङले शपथ लिएका हुन् । गत १८ चैतमा विश्वविद्यालय ऐन बनेपछि सरकारले पदाधिकारीहरू नियुक्त गरेका हुन् । प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा नवनियुक्त पदाधिकारीलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री रघुजी पन्तले शपथ गराएका हुन् । यो विश्वविद्यालयमा आयुर्वेद, योग, ध्यान तथा वैकल्पिक चिकित्सा र जडीबुटीबारे अध्ययन/अध्यापन हुनेछ । जुनसुकै विधाको भएपनि विश्वविद्यालय खुल्नु सकारात्मक पहलकदमी हो । त्यसैले योगमाया विश्वविद्यालय सञ्चालनतर्फ अगाडि बढ्नु प्रशंसनीय कुरा हो ।

तर योगमाया विश्वविद्यालयका पदाधिकारीले लिएको शपथ स्थल छनोट भने सही भएन । देशको कार्यकारी प्रधानमन्त्री नै हुन्, र उनी जहाँ उपलब्ध हुन्छन् त्यही शपथ गराउने भन्ने जस्तो निर्णय यो मामिलामा भयो । पक्कै पनि प्रधानमन्त्री देशका कार्यकारी प्रमुख हुन् । तर त्यसो भन्दैमा उनकै सरकारी निवासमा गएर शपथ लिएका पदाधिकारीहरूमाथि सार्वजनिक प्रश्न उठ्छ । सरकारले नियुक्त गर्ने र बालुवाटारमा गएर शपथ लिएका पदाधिकारीले सरकार र सरकारको नेतृत्व गर्ने शक्तिप्रति पक्षधरता नदेखाउलान् भन्ने सकिन्न । यसले विश्वविद्यालयको गरिमालाई फराकिलो बनाउन सक्दैन । त्यसैपनि नेपालका विश्वविद्यालयहरूमा चरम राजनीतिकरण भइरहेको छ । त्रिभुवन विश्वविद्यालय आफैं राजनीतिकरणले थिचिएको छ । त्रिविका पदाधिकारीदेखि क्याम्पस प्रमुख नियुक्तिमा समेत सत्तारूढ दलको हालीमुहाली चल्ने गरेको छ ।

त्रिवि बाहेक सञ्चालनमा रहेका लगभग सबै विश्वविद्यालयमा दलीयकरणले थलिएका छन् । दलहरूले विश्वविद्यालय कब्जा गर्दा शैक्षिक गुणस्तर खस्कदो छ । नियमित पठनपाठन र परीक्षा समेत गराउन नसक्ने अवस्थामा विश्वविद्यालयहरू पुगेका छन् । अनि नेपाली युवाहरू भने उच्च शिक्षा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ । देशका विश्वविद्यालयले दिने प्रमाणपत्रले रोजगार सुनिश्चित गर्न नसक्ने भएकाले पनि युवाहरू संसारभर फैलिएका छन् । त्यसैले विश्वविद्यालय सञ्चालन प्रणालीबारे गम्भीर भएर सोच्नुपर्ने छ । तर यसको उल्टो प्रधानमन्त्रीको निवासबाट विश्वविद्यालय चल्ने दृष्यलाई सामान्यीकरण गर्न खोजिदैछ । सञ्चालनमै आउन बाँकी रहेको योगमाया विश्वविद्यालयका पदाधिकारी नियुक्ति प्रक्रिया र उनीहरूको शपथ त्यसैको एक उदाहरणका रूपमा लिन सकिन्छ ।

# नीति तथा कार्यक्रम : उधारो पुलिन्दा

*लोकतन्त्र भन्नु नै झुटको खेती भएको छ हाम्रा लागि । अरू खेतीपाती त छैन । बिचौलियाहरुले जग्गा कब्जा गरिसकेका छन् । कुनै कुनो पनि प्लटिङ हुन बाँकी छैन । उत्पादन र औद्योगिकीकरण त सपना नै भएको सन्दर्भमा नीति तथा कार्यक्रमले पनि उधारो घोषणा गरेको छ...*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

संसद्मा आगामी वर्षको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत भएको छ, जसमाथि थरिथरिका टिप्पणी आइरहेका छन् । धेरैले 'कर्मकाण्डी भयो' भन्ने टिप्पणी गरेका छन् । यद्यपि, यस पटक नीति तथा कार्यक्रम केही फरक देखिएको छ, त्यो के भने, समाजमा अफवाह फैलाउने, गणतन्त्रमाथि धावा बोल्ने, लोकतन्त्रमाथि प्रहार गर्ने, अराजक गतिविधि देखाउने, संघीय व्यवस्थामाथि कठोर प्रहार गर्नेविरूद्ध डटेर मुकाबिला गर्ने कुरा नीति तथा कार्यक्रममा उल्लेख छ ।

राष्ट्रपतिले लोकतन्त्र, संघीयता र गणतन्त्रप्रति कटाक्ष गर्नेलाई सिधै जबाफ दिएका छन् । सरकारले दिनुपरेको छ । सामान्यतया: वार्षिक नीति तथा कार्यक्रममा देशको भावी अर्थ नीति, आर्थिक प्रणाली, बजेटमा समावेश गरिने कुरा र पञ्चवर्षीय योजनासँग 'टाइअ', दिगो विकास आबद्ध हुने, देशको गरिबी, भ्रष्टाचारविरुद्ध कम्मर कस्ने, सुशासन स्थापित गराउने, देशका सम्पूर्ण सयन्त्रहरूलाई चुस्त, दुरुस्त गराउने र आर्थिक विकासका कुराबारे सरकारको भिजन संसद्मा प्रस्तुत हुनुपर्ने हो । तर, हाम्रो लोकतन्त्र र गणतन्त्र अलि फरक खालको छ र उसलाई धेरै डर लागेको छ ।

गणतन्त्र हल्लाउनेगरी फागुन-चैतमा नै आँधीबेहरी आयो । सडकमा लाखौंको नारा जुलुस निस्कियो । अहिले पनि गणतन्त्रको आयु जेठ महिनाभरि हो भन्दै गर्दा गणतान्त्रिक सरकारले बनाएको मस्यौदा राष्ट्रपतिले यसबारे राजनीतिक भाषण गरेका छन्, संसद्मा ।

वार्षिक नीति तथा कार्यक्रममा सरकारले १ वर्षभरि गर्ने योजना, परियोजना, कार्यक्रमका बारे संकेत दिनुपर्ने हो तर गणतन्त्रलाई ठूलै चुनौती आएको संसद्को सम्बोधनले संकेत गरेको छ ।

प्रस्तुत भाषणलाई घोत्लिएर सुनिरहँदा केही नयाँ कुरा पनि आएका छन् । झण्डै ७ लाख वार्षिक बेरोजगार सूची दर्ता भइरहँदा प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत १ लाखलाई पनि ३ महिनाभन्दा कम, त्यो पनि न्यूनतम ज्यालामा रोजगार नाममा मात्र बनेका बेला अब स्नातकहरूलाई हप्ताको २० घण्टा काम बराबरको न्यूनतम तलब दिइने कुरा गरिएको छ ।

अमेरिका अध्ययन गर्न गएकाहरूले हप्तामा २० घण्टा काम गर्न सक्ने, त्योभन्दा बढी लुकेर काम गरे डिपोर्टसम्म हुन सक्ने प्रावधान छ । अब घण्टाको हिसाबले यहीँ रोजगारी प्राप्त गर्न सकिने भन्दै युवालाई उधारो सपना देखाएर यतै अलमल्याउन सकिन्छ कि भन्ने लोकतन्त्रको अभिप्राय देखिन्छ । र, अबको दशक २०२५-०३५ आन्तरिक रोजगार दशकसमेतको घोषणा भएकाले अब त केही होला भन्ने लोकतन्त्रको मनोविज्ञान देखिन्छ ।

तर, विश्वसनीय आधार हुन यहीँ रोजगारीका अवसरका लागि उद्योग, कलकारखाना खुल्नुपर्ने हुन्छ । त्यसको सम्भावना क्षीण छ । दशकौं अघिदेखिको अवधारणा, विशेष आर्थिक क्षेत्र सेज र धौवादी फलाम कम्पनीलाई भने निजी-साझेदारी अर्थात् पीपीपी मोडलमा संचालन गर्ने नीति तथा कार्यक्रमले भनेको छ ।

हरेक प्रदेशमा विशेष आर्थिक क्षेत्र स्थापना गर्ने भनिए पनि हालसम्म भैरहवा र सिमरामा मात्र केही उद्योग नाम मात्रले संचालनमा छन् । गोर्खा, विराटनगर, कैलाली, नुवाकोटलगायत




क्षेत्रमा कुनै काम नभएको महालेखाको प्रतिवेदन छ ।

काभ्रे पाँचखालको र सिमराको विशेष आर्थिक क्षेत्रका लागि मन्त्रिपरिषद्बाटै पीपीपी मोडलमा जान स्वीकृत भइसकेको भनिएको छ र पहिलेका उधारा औद्योगिक ग्रामहरू सुतेर आराम गरिरहेका छन्, उधारै छन् ।

नीति तथा कार्यक्रमले सरकारी, करार, कम्पनी, सार्वजनिक सस्थान, संस्था, सहकारी, फर्म, संगठित संस्था सबैजसो श्रमिक, कर्मचारीहरूलाई सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गरिने भनिएको छ । वैदेशिक रोजगारीलाई व्यवस्थित, भरपर्दो, सुरक्षित, मर्यादित बनाउने, यसमा कानुन संशोधन गरिने, सीपयुक्त जनशक्ति तयार गरिने र व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको भूमिका विस्तार गर्ने सबै किसिमका तालिमहरू यसैबाट दिइने कुरा पनि गरिएको छ ।

सुशासन भनेर नथाक्ने सरकारले कुनै पनि काम ७ दिनमा सक्ने र नसकेमा कारबाही गरिने भन्दै अध्यादेश शैलीको कानुन बनाएको सन्दर्भमा आफूले गर्नुपर्ने गभर्नरको बिदाइअघि नै १ महिनाभित्र निर्णय गर्नुपर्ने काम भने पंक्ति तयार हुन्जेल गभर्नर छनोट गरेको छैन ।

केन्द्रीय बैंकसमेत महिनौंदेखि कायममुकायमको भरमा चलेको छ । सिफारिस समितिका पदाधिकारीहरू नै राजीनामा गर्ने अवस्था बन्यो ।

शैक्षिक आन्दोलन हुन लागे शिक्षामन्त्रीले राजीनामा गर्ने र उधारो सपना देखाएर आफ्नै भ्रातृसंस्थामा आबद्ध शिक्षकहरूलाई विद्यालय फर्काइएको अवस्था छ अहिले । निजामती सेवा ऐन आएको छैन, शिक्षक आन्दोलनले मागेको ऐन पनि आइसकेको छैन र देशले गर्नुपर्ने काम धेरै उधारो छ । भारतीय नेताजी यहाँ आएर २४ घण्टामा सबै 'हेभिवेट'हरूलाई भेटिसक्दा महाकालीमा यताको जग्गा कब्जा गरी तटबन्ध निर्माण भइरहेको र त्यहाँका प्रमुख जिल्ला अधिकारीले काडमाडौंलाई गुहार मागेको र आफ्नै सरकारलाई त्यता हेरिदिन एमालेले पनि पहल गरेजस्तो बुझिएको छ ।

सिमानाको सुरक्षा गर्न नसक्ने सरकारले हाम्रा नेताजीहरूलाई राम्रो सुरक्षा दिएको छ । त्यसका लागि हामी आभारी हुनुपर्ने अवस्था छ ।

लोकतन्त्र भन्नु नै झुटको खेती भएको छ हाम्रा लागि । अरू खेतीपाती त छैन । बिचौलियाहरूले जग्गा कब्जा गरिसकेका छन् । कुनै कुनो पनि प्लटिङ हुन बाँकी छैन । उत्पादन र औद्योगिकीकरण त सपना नै भएको सन्दर्भमा नीति तथा कार्यक्रमले पनि उधारो घोषणा गरेको छ ।

आज पर्यटन दशक मानिरहँदा पर्यटकहरूले यहाँ गर्ने खर्चभन्दा हामी बाहिर गएर गर्ने खर्च धेरै भइसकेको छ र पर्यटक आकर्षण हुने विमानस्थलहरू बेरुजुमा परेका छन् । आधाआधी पोखरा विमानस्थलमा घोटाला भएको कुरा हल्लीखल्ली नै भइसकेको छ भने अर्को भैरहवाको कुरो पनि तात्न थालेको छ ।

देशमा भ्रष्टाचारको थुप्रो लागेको, सुशासनको अभाव भएको भन्दै तातेको सडकलाई मत्थर पार्न पानीको फोहरा दिइँदै छ । म्याद नाघेका अश्रुसेल पनि तीनकुनेमा छरियो भनिदै छ । जसोतसो लोकतन्त्र जोगियोस्, गणतन्त्र पनि जोगिनै परेको छ, धर्मनिरपेक्ष त गणतन्त्रको उपहार नै हो ।

राष्ट्रपति गएर रामकोटमा बद्रीनारायण मन्दिरको प्राण प्रतिष्ठा गरे, धर्मनिरपेक्षमा भने यो सुहाएन कि धर्म गुरुहरूले नै गरेको भए हुन्थ्यो कि ? अथवा धार्मिक हुन मन भए धर्मनिरपेक्ष नभनेको भए हुन्थ्यो कि कतै विरोधाभास भएको होइन र ?

## इतिहासमा आज

११ मे २०१३ मा टर्कीको रेहानलीमा भएको बम विस्फोटमा ५२ जनाको मृत्यु भएको थियो ।



११ मे २०१४ मा प्रहरी अधिकारीहरूले फुटबल स्टचान्डमा अश्रुग्यास प्रहार गर्दा भएको भागदौडमा डीआरसीको किन्सासामा १५ जनाको मृत्यु र ४६ जना घाइते भएका थिए ।



११ मे २०१६ मा बगदादमा आईएसआईएलको बम विस्फोटमा ११० जनाको मृत्यु भएको थियो ।



११ मे २०२२ मा म्यानमारको सागाइङमा भएको मोन ताइङ पिन नरसंहारका क्रममा बर्मेली सेनाले कम्तीमा ३७ जना गाउँलेहरूलाई मृत्युदण्ड दिएको थियो ।



# राजनीति र व्यवसायको अन्तरसम्बन्ध

ब्लग



● शंकरमान सिंह

> *नेपालमा राजनीति कस्तो र के हो भन्ने बहसको विषय हुन सक्छ । पेसा हो कि व्यवसाय ? पेसा र व्यवसायको बीचमा धेरै पातलो रेखा वा फरक हुन्छ । र, पातलो रेखा एउटा साधारण मानवीय भावना र अभिप्रायद्वारा कोरिएको हुन्छ । यो एक सामान्य बुझाइ हो...*

व्यावसायिक हितले राजनीतिलाई प्रभाव पार्छ । व्यवसायमा राजनीति हुन्छ र राजनीतिमा व्यापार हुन्छ । के राजनीति व्यवसायको भाग हो त ? राजनीति आफैंमा भ्रष्ट व्यक्तिहरूको व्यवसाय हो । तिनीहरू सोच्छन् कि यदि तिनीहरू पूर्ण रूपमा अशिक्षित छन् भने पनि तिनीहरूले आफ्नो राष्ट्रलाई लुट्न सक्छन् भन्ने भ्रम पनि रहन्छ ।

राम्रो व्यावसायिक सफलता सानो उपलब्धि होइन । सफलताका कारणहरू बताउँदा भाग्यको भागलाई बढी जोड दिइन्छ । प्रत्येक सफलताको कथा पछाडि संघर्ष हुने छ । व्यवसायको मालिकले जब ऊ यसमा हुन्छ, व्यवसायमा हुन्छ, त्यति बेला उसले विस्तृत रूपमा वर्णन गर्दैन । यो उसको/उनको सफलताको रहस्य हो । व्यवसायभित्र राजनीतिको भाग हुने छ ।

नेपालमा राजनीति कस्तो र के हो भन्ने बहसको विषय हुन सक्छ । पेसा हो कि व्यवसाय ? पेसा र व्यवसायको बीचमा धेरै पातलो रेखा वा फरक हुन्छ । र, पातलो रेखा एउटा साधारण मानवीय भावना र अभिप्रायद्वारा कोरिएको हुन्छ । यो एक सामान्य बुझाइ हो ।

शिक्षकलाई एक पेसेवर मानिन्छ तर संसारभरि शिक्षकहरूले आफ्ना शिक्षण केन्द्रहरूको व्यापारीकरण गरेको धेरै घटनाहरू देखिन्छन् । त्यसैगरी, १ डाक्टरलाई पेसेवर मानिन्छ । तर, डाक्टरहरूले पनि आफ्नो व्यावसायिक सेवाहरू वा क्लिनिकहरूको व्यापक रूपमा मार्केटिङ गरेको घटनाहरू देखिन्छ र सुनिन्छ ।

नेपालमा राजनीति एउटै प्रतिमानअन्तर्गत पर्छ । यो अनिवार्य रूपमा कुनै पनि श्रेणीमा पर्नु हुँदैन किनकि यो एक सार्वजनिक सेवा हो । नेताहरू उनीहरूलाई निर्वाचित गर्नेहरूको जीवनलाई मदत गर्न र राम्रो बनाउन निर्वाचित भएका हुन्छन् ।

यदि कसैले आफ्नो उच्च पदको फाइदा उठाउने गुप्त मनशाय छ भने यसलाई पैसा कमाउनका लागि धेरै राम्रोसँग प्रयोग गरेको हुन सक्छ । हुनत यसलाई नियन्त्रण गर्ने र नियमन गर्ने धेरै संवैधानिक निकायहरू छन् ।

नेपालमा राजनीतिमा भाग लिनु भनेको व्यापारीका लागि मात्र होइन, कुनै पनि व्यवसायीका लागि प्रतिष्ठाको कुरा हो । यहाँ राजनीतिमा सामेल भएका धेरै व्यवसायीहरू छन् । व्यापारीहरूसँग पहिले नै उनीहरूका आफ्नै मुद्दाहरू व्यवस्थित गर्न भारी कार्यबोझ (वर्कलोड)हरूसँग जुधिरहेका हुन्छन् ।

यसबाहेक, उनीहरूले कल्याणको प्रवर्द्धनका लागि यदि तिनीहरू चाहन्छन् भने पर्याप्त रकम खर्च गर्छन् । अर्कातर्फ, यदि व्यापारीहरू आफ्नो करियरको अन्त्य गरेर राजनीतिमा सामेल हुन्छन् र उनीहरूको समय पूर्ण रूपमा राजनीतिमा खर्च गर्छन् भने तिनीहरू खेल परिवर्तनकर्ता वा 'गेम चेन्जर' हुन सक्छन् ।

नेपालमा व्यावसायिक रूपान्तरण गरिएका राजनीतिज्ञहरूका धेरै उदाहरण छन् । यो भन्न अत्यन्त गाह्रो छ एउटा व्यापारीले एक असल राजनीतिक भूमिका खेल्छ । राजनीति व्यवसायभन्दा फरक छ ।

व्यापारीले पनि ठूला व्यक्तिले राजनेताहरूसँग राम्रो सम्बन्ध कायम राख्ने प्रयास गर्छन् ताकि कम दरमा सबसिडी र अन्य फाइदामा जग्गा वा अन्य सुविधा प्राप्त गर्न सकिन्छ किनकि उनीहरू राजनीतिज्ञको शक्तिका बारेमा जान्दछन् ।

तर, यस तथ्यलाई कडाइका साथ लिनुपर्छ कि भ्रष्टाचारको स्थितिमा खराब इतिहास भएका सबै राजनीतिज्ञहरूमा यो एक उपहासपूर्ण घटना हो । आज पनि धेरै इमान्दार र कडा परिश्रम गर्ने राजनीतिज्ञहरू अवस्थित छन् र उनीहरू वास्तवमै हालको सरकारमा कडा परिश्रम गरिरहेका छन् । र, त्यहाँ धेरै पारदर्शिता छ । राजनीतिज्ञहरू अहिलेसम्म अझ शक्तिशाली छन् र अहिल्यै भविष्यका बारेमा अनुमान गर्न सक्दैनन् ।

व्यवसायी समग्रमा सैद्धान्तिक मामिलामा कम रुचि राख्छन् र मुलुकमा रहेको 'वास्तविकता'का साथ बग्छ । राजनीतिज्ञ 'सिद्धान्त' र पार्टी लाइनलाई बेवास्ता गर्न मूर्खता ठान्छन् र त्यसो गर्नु राजनीतिक हिसाबले नैतिक पनि हुँदैन ।

राजनीतिज्ञ धेरै तरिकामा 'व्यावसायिक' हुन सक्छ तर निश्चित रूपमा बाहिर र बाहिर व्यवसायीको रूपमा संचालन गर्न सक्दैन । राजनीतिज्ञहरूको व्यवसाय भनेको जनताको रक्षा गर्नु हो, देशको भलाइको र हितको सेवा गर्नु हो । आउँदो पुस्तामा पुऱ्याउनु हो ।

के राजनीति फोहोरी व्यवसाय हो ? राजनीति फोहोरी, भ्रष्ट व्यवसाय हो भन्ने अभिमत विगतमा राख्ने गरिएको थियो । व्यवसाय र राजनीतिमा मूल्य मान्यताहरूबीच के भिन्नता छ ? व्यवसायका मूल्यहरू सामान्यतया: धेरै नाफामा आधारित हुन्छन्, जबकि राजनीति सार्वजनिक समर्थनमा निर्भर हुन्छ ।

यद्यपि, सार्वजनिक समर्थन प्राप्त गर्न, एक राजनीतिक उम्मेदवार वा पार्टीले दृश्यता र लोकप्रियता बढाउन प्रचार र विज्ञापनका लागि आवश्यक पर्याप्त रकम जुटाउनुपर्छ ।

पैसाबिना राजनीतिक उद्देश्य बढ्न सक्ने क्षमता हुँदैन । त्यस्तै, कुनै पनि व्यवसायको साथ चाहिन्छ । राजनीतिक प्रतिष्ठानमा, टेलिभिजन विज्ञापन, भाषण, बिल बोर्ड, कर्मचारी आदिमार्फत ठूलो मात्रामा प्रचारका लागि आवश्यक कोष प्राप्त गर्न धनी र शक्तिशालीबाट प्राय: ठूलो रकम खोजिन्छ ।

राजनीति प्राय: अनुनय हो, अभ्यास गर्न धेरै एकल शक्तिहरू हुँदैनन् । व्यवसाय यसको विपरीत हो । होइन, सफल व्यवसायीहरूले राम्रो राजनीतिज्ञ बनाउन सक्छन् भन्ने मान्नु उचित होइन । तिनीहरू पैसा कमाउनमा राम्रा छन् र तर्कसंगत रूपमा तिनीहरूलाई त्यस्तो पद दिनुपर्छ, जहाँ तिनीहरूले अर्थतन्त्र व्यवस्थापन गर्न सक्छन् ।

## सामाजिक सञ्जाल




रञ्जित तामाङ

एमालेमा आन्तरिक लोकतन्त्रको मृत्यु भइसकेको छ । त्यसैले, अचेल कांग्रेसलाई माथ खुवाउनेगरी एमालेभित्र बक्सिङ हानाहान, पदको कुर्सी तानातान हुन थालेको छ । जसरी घर सफा गर्न बुइँगलदेखि बढार्दै ल्याउनुपर्छ, त्यसरी नै पार्टी नेतृत्व नसुध्रिई एमाले केही गरी सुध्रिँदैन । जान्छ खोलैखोला !




डम्बर खतिवडा

अफगानिस्तानमा इस्लामिक उग्रवादी तालिबान सत्तामा रहुन्जेल, पाकिस्तानले सीमापार आतंकवादलाई सहयोग गर्न नछोड्उन्जेल सार्कको कुनै अर्थ छैन । अध्यक्षका रूपमा नेपालले अफगानिस्तान र पाकिस्तानबिनाको ६ देशीय सार्कको अवधारणा प्रस्तावित गरे हुन्छ, अन्यथा विघटन गर्नु उचित हो ।



प्रेमकान्त अधिकारी

आफैं अधम बदनाम छ त, मातहतका निकायहरू र त्यससँग सम्बन्धित सम्बद्ध कार्यक्रम संचालन गर्नेहरू कसरी मध्यम, उत्तम हुन सक्छन् ? बोली र व्यवहारमा तादाम्य, तारतम्य नै आकाश-जमिनको फरक देखिन्छ, सुनिन्छ । स्तरहीन जमातको जमघट मात्र हुन्छ, बोली बचन छुद्र, तुच्छ, संकीर्ण संस्कार ।



केशवप्रसाद भट्टराई

भारत हामीलाई मनपरोस्, नपरोस्, जति गाली र सत्तोसराप गरियोस् तर नेपालको सुरक्षा, स्थिरता र समृद्धिको बाटो भारत भएरै मात्र पुगिन्छ भन्ने कुरा मलाई त ध्रुवसत्य जस्तै लाग्छ । खै म मन्द बुद्धिको र राष्ट्रिय चेतनामा पनि कमजोर भएर त्यस्तो लागेको हो कि !

# अस्पतालमा सुत्केरीको मृत्युपछि तनाव




**सिरहा/मस**–सिरहाको गोलबजारस्थित बर्धमान अस्पतालमा एक सुत्केरीको मृत्यु भएपछि तनाव उत्पन्न भएको छ । मिर्चैया नगरपालिका-११ सीतापुरकी २७ वर्षीया रामकाशी यादवको शनिबार मृत्यु भएको हो ।

उनलाई शुक्रबार बिहान व्यथा लागेपछि परिवारले बर्धमान अस्पताल लगेका थिए। अस्पतालमा शुक्रबार दिउँसो शल्यक्रिया गरेर बच्चा निकालेका थिए। यसअघि दुई छोरीकी आमा रहेकी उनले छोरालाई जन्म दिएकी थिइन् । जन्मिएको बच्चा सकुशल छ ।

शल्यक्रियाको क्रममा अत्यधिक रक्तश्राव भएपछि उनको स्वास्थ्य अवस्था बिग्रँदै जाँदा परिवारले बाहिर लान खोजेका थिए । रिफर गरिदिन पटकपटक आग्रह गर्दा पनि अस्पतालले मानेन । तर ढिलो रिफर गर्दा गोलबजारबाट बिराटनगर लाने क्रममा उनको शनिबार बाटोमै मृत्यु भएको हो । विराटनगरस्थित न्यूरो अस्पतालले उनलाई मृत घोषणा गरेको मृतकका पति सन्त यादवले बताए। अस्पतालमा कार्यरत डाक्टरहरूको लापरबाहीले सुत्केरीको ज्यान गएको भन्दै परिवारले अस्पताल अगाडि राजमार्गमा शव राखेर प्रदर्शन गरेका थिए। पीडित परिवारको प्रदर्शनपछि प्रहरीले अस्पतालका डाक्टरसहित ३ जनालाई सोधपुछ गरेको छ ।

# गोकर्णेश्वरलाई 'योग नगर' घोषणा



**काठमाडौं/मस**-काठमाडौंको गोकर्णेश्वर नगरपालिकालाई 'योग नगर' घोषणा गरिएको छ । प्रतिनिधि सभा अर्थ समिति सभापति सन्तोष चालिसे र नगरप्रमुख दीपककुमार रिसाललगायतले स्थानीय गराडोलमा शनिबार आयोजित कार्यक्रममा 'योग नगर'को औपचारिक घोषणा गरे ।

सो अवसरमा सभापति चालिसेले विश्वभर विभिन्न नयाँ-नयाँ रोग फैलिएका र अशान्ति बढिरहेका बेला मानिसलाई त्यसबाट मुक्ति दिलाउन योगाभ्यास महत्त्वपूर्ण विधि हुनसक्ने धारणा राखे । गोकर्णेश्वर नगरपालिकाले जनस्वास्थ्य कार्यक्रमलाई प्राथमिकतामा राखेर काम गरिरहेको अवस्थामा आगामी दिनमा योग र ध्यानलाई उच्च महत्त्व दिइने नगर प्रमुख रिसालले बताए ।

योग गुरुहरुको सहभागिता रहेको सो कार्यक्रममा पतञ्जली योग समिति नेपालका शंकर योगी र अर्जना घिमिरेले योग साधना र ध्यानबारे प्रशिक्षणसहित जानकारी गराएका थिइन् ।

उक्त नगरपालिकाका नौ वटै वडाका ४० योग केन्द्रमा नियमित योगाभ्यास हुने गरेको छ । नेपालमा पतञ्जली, जीवन विज्ञान, आर्ट अफ लिभिङ, ओशो, ब्रह्मकुमारी राजयोगलगायतका संस्थाले नियमित ध्यान र योग सिकाउँदै आएका छन् ।

योगाभ्यासले मानिसलाई शारीरिक स्वास्थ्य मात्र नभई अनुशासित बनाउँछ । पछिल्लो समय बढ्दो सहरीकरण र मिसावटयुक्त खानेकुराले अनेक रोग देखा परिरहेको अवस्थामा त्यसका निदानका लागि योग अभ्यासको महत्त्व दिनानुदिन बढिरहेको छ ।

यसअघि भक्तपुरलाई 'योग जिल्ला' र ललितपुरको गोदावरीलाई 'योग नगर' घोषणा गरिएको थियो । नेपालले हरेक वर्ष माघ १ गते राष्ट्रिय योग दिवस मनाउँदै आएको छ। अन्तरराष्ट्रियरुपमा जुन २१ का दिन योग दिवस मनाइने गरिन्छ । नेपाल भूमिमा ऋषिमुनिले समेत योगाभ्यास र साधना गरेकाले योग भूमि भएको विश्वास गरिँदै आएको छ ।

# निर्माणाधीन पुल भाँचियो



**रामेछाप/मस**–रामेछापको मन्थली नगरपालिका-६ र ७ जोड्ने तामाकोशी नदी माथिको ठेडिखोला पुल भाँचिएको छ । निर्माणको अन्तिम चरणमा रहेको ५४ मिटर लामो अन्तिम स्पानको ढलान सकिएको केही दिनमै उक्तपुल भाँचिएको हो । भाँचिएको भाग पनि त्यही अन्तिम स्पान नै हो । संघीय सरकारको सडक विभागको पुल महाशाखाले पुल निर्माण गरेको हो । २३० मिटर लामो र ११ मिटर चौडा सो पुल निर्माण अन्तिम चरणमा थियो । असारमसान्त २०८२ सम्म पुलबाट सवारी आवागमन खुलाइने तयारी निर्माण कम्पनीले गरेको थियो । कुल ४ स्पान भएको उक्त पुल निर्माणका लागि २२ करोड ५५ लाख ४० हजारमा ठेक्का सम्झौता भएको थियो । पुल भाँचिनुको कारण खुलेको छैन । निर्माण व्यवसायीले तत्कालै साइटमा विज्ञ टोली ल्याएर पुल क्षति सम्बन्धमा प्राविधिक जाँच गराउने तयारी गरेको छ ।

## देवाही गोनाही नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**प्रेमपुर गोनाही, रौतहट**
**मधेश प्रदेश, नेपाल**

### दमकल (Tractor Driven Fire Fighter) खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०१/२८ गते**

यस नगरपालिकाको लागि आ.व. २०८१/०८२ मा दमकल (Tractor Driven Fire fighter) खरिद गर्नुपर्ने भएकले नेपाल सरकारबाट इजाजत प्राप्त अधिकृत विक्रेता तथा फर्महरूबाट निम्न शर्तहरूको अधिनमा रही शिलबन्दी दरभाउपत्रको माध्यमबाट दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरू**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखि १५ औं दिन (२०८२।०२।११ गते) को कार्यालय समयभित्र राजश्व दस्तुर रु. १०००/- (पछि फिर्ता नहुने गरी) नविल बैंक लिमिटेड, रौतहटको देवाही गोनाही शाखा स्थित देवाही गोनाही नगरपालिकाको ग ११ आन्तरिक राजस्व खाता नं. २२९०१०१७५०००००६ मा जम्मा गरेको सकल भौचर, अध्यावधिक नविकरण गरेको ईजाजत पत्र, मु.अ.कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, आ.व. ०८०/०८१ सम्मको आयकर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी र निवेदन सहित बुझाई यस कार्यालयबाट दरभाउपत्र कागजात प्राप्त गर्न सकिने छ।
२. शिलवन्दी दरभाउपत्र साथ देवाही गोनाही नगर कार्यपालिका कार्यालयको नाममा नविल बैंक देवाही गोनाही, रौतहट शाखामा रहेका देवाही गोनाही नपा ग ३ धरौटी खाता न. २२९०१०१७५०००२४ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्रिय बैंक "क" वर्गको मान्यता प्राप्त बैंकबाट देवाही गोनाही नगर कार्यपालिका कार्यालय प्रेमपुर गोनाहीको नाममा जारी भएको कार्य प्रयोजन एवं ठेक्का नम्बर अनिवार्य रूपमा उल्लेख भएको दरभाउपत्र जमानत पत्र दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन सम्म म्याद भएको पेश गर्नु पर्नेछ।
३. शिलबन्दी दरभाउपत्र फाराममा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा बुझाउनु पर्नेछ। प्राप्त दरभाउपत्र सोही दिन अपराह्न २.०० बजे खोलिनेछ।
४. दरभाउपत्र फाराम खरिद गर्ने तथा दाखिला गर्ने र खोल्ने दिन विदा परेमा सो कार्य सो को भोलिपल्ट सोही समयमा हुनेछ।
५. दमकल (Tractor Driven Fire fighter) कार्यालयको स्विकृत टेक्निकल स्पेशिफिकेशन बमोजिमको हुनु पर्नेछ । साथै दरभाउपत्र सहित प्रस्तावदाताले Servicing, Warranty आदि सम्बन्धमा समेत खुलाउनु पर्नेछ।
६. यस कार्यालयबाट प्राप्त गरेको दरभाउपत्र फाराममा उल्लेखित दमकल (Tractor Driven Fire fighter) को प्रति इकाई मूल्य अंक र अक्षर दुवैमा स्पष्ट खुलाउनु पर्नेछ। अंक र अक्षरमा फरक दर भएको पाईएमा अक्षरमा उल्लेखित दरलाई मान्यता दिईनेछ।
७. म्याद नाघी आएको वा रित नपुगेको वा विभिन्न शर्त उल्लेख गरिएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
८. एक व्यक्ति वा फर्मको नाममा खरीद गरिएको दरभाउपत्र फाराम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन।
९. यस सूचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित स्थानीय तह कानून बमोजिम हुनेछ।

**तपसिल**

| सि. नं. | दरभाउपत्र नं. | विवरण | आवश्यक संख्या | भ्याट सहितको लागत | जमानत रकम |
|---|---|---|---|---|---|
| १. | DGMUN/03/081/082 | दमकल (Tractor Driven Fire fighter) | १ | २०,००,०००/- | ५०,०००/- |

**प्रमुख प्रशासकीय अधिकृत**

## एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

**(प्रकाशित मितिः २०८२/०१/२८ को मध्यान्ह राष्ट्रिय दैनिक)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले आवधिक कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयाबधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरूले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणी तथा व्यक्तिगत/सामुहिक जमानतकर्ताहरुको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा प्रचलित कानून बमोजीम अन्य कानूनी कारवाहिहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत/सामुहिक जमानी दिनु हुने जमानतकर्ता महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**तपसिल**

**ऋणी र जमानतकर्ताहरुको विवरण**

**१. ऋणीको नामः ज्योती पन्थी**
ना.प्र.प.नं. (जारी मिति/स्थान): ३९-०१-७३-०८६१० (२०७३/११/०२/पाल्पा), बाबुको नामः राजकुमार थपलिया, ससुराको नामः राम बहादुर पंथी, पतिको नामः महेन्द्र बहादुर पंथी, ठेगानाः पाल्पा जिल्ला, झडेवा गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. ३२ ।
**व्यक्तिगत जमानतकर्ता:**
**महेन्द्र बहादुर पंथी:** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३९-०१-७३-०८६२१ (२०७३/११/०२/पाल्पा), बाजेको नामः जिवनाथ पंथी, बाबुको नामः राम बहादुर पंथी, ठेगानाः पाल्पा जिल्ला, झडेवा गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. ३२ ।

**२. ऋणीको नामः राज कुमारी विश्वकर्मा**
ना.प्र.प.नं. (जारी मिति/स्थान): २५५२ (२०४९/०३/१४/कास्की), बाबुको नामः मनिराम सुनार, ससुराको नामः लिले कामी, पतिको नामः धन बहादुर वि.क., ठेगानाः कास्की जिल्ला, पोखरा लेखनाथ म.न.पा., वडा नं. २३ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. २९, गोंगबु ।
**व्यक्तिगत जमानतकर्ता:**
**धन वहादुर वि.क.:** ना.प्र.प.नं. (जारी मिति/स्थान): ५४२ (२०४७/०८/०५/कास्की), बाजेको नामः निर बहादुर वि.क., बाबुको नामः लिले कामी, ठेगानाः कास्की जिल्ला, चापाकोट गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. २९, गोंगबु ।

**३. ऋणीको नामः लक्ष्मी मगर**
ना.प्र.प.नं. (जारी मिति/स्थान): २५०३६९/४७ (२०६९/०१/१७/नुवाकोट), बाजेको नामः रतन बहादुर मगर, बाबुको नामः शम्भु बहादुर मगर, ससुराको नामः नरबहादुर भुजेल, पतिको नामः सन्तोष भुजेल, ठेगानाः नुवाकोट जिल्ला, सिक्रे गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, तारकेश्वर न.पा., वडा नं. ६ ।
**व्यक्तिगत जमानतकर्ता:**
**सन्तोष भुजेल:** ना.प्र.प.नं. (जारी मिति/स्थान): २११००३/१४०३६ (२०६६/०८/२६/रामेछाप), बाजेको नामः बुद्धि बहादुर भुजेल, बाबुको नामः नरबहादुर भुजेल, ठेगानाः रामेछाप जिल्ला, चुचुरे गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, तारकेश्वर न.पा., वडा नं. ६ ।

**४. ऋणीको नामः सरिता कुमारी भट्टराई**
ना.प्र.प.नं. (जारी मिति/स्थान): ११५८२ (२०५७/०९/२१/बुटवल, रुपन्देही), बाबुको नामः लालबहादुर भट्टराई, ससुराको नामः हरि प्रसाद भण्डारी, पतिको नामः भीम प्रसाद भण्डारी, ठेगानाः रुपन्देही जिल्ला, पैराहा गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ८ ।
**व्यक्तिगत जमानतकर्ताहरु:**
**क. जमुना भण्डारी:** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३७/३६२१ (२०४३/०२/२०/रुपन्देही), बाबुको नामः केशवराज बश्याल, ससुराको नामः राम प्रसाद भण्डारी, पतिको नामः हरि प्रसाद भण्डारी, ठेगानाः रुपन्देही जिल्ला, बुटवल गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ८ ।
**ख. भीम प्रसाद भण्डारी:** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३७५७ (२०४६/०२/२२/रुपन्देही), बाजेको नामः राम प्रसाद भण्डारी, बाबुको नामः हरि प्रसाद भण्डारी, ठेगानाः रुपन्देही जिल्ला, बुटवल गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. ८ ।

**५. ऋणीको नामः आस्माज कलेक्सन**
(काठमाडौं महानगरपालिका नगर कार्यापालिकाको कार्यालय प्रदेश नं. ३, काठमाडौं, नेपालमा दर्ता रहेको), दर्ता नं.: ९०७९, दर्ता मितिः २०७७/६/२, स्थायी लेखा नं.: ६१३७४३३३०, ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. २६, आवाशक्षेत्र ।
**प्रोप्राईटर:**
**आस्मा गिरी:** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६७-०१-७२-०४४५६ (२०७२/०४/१८/कैलाली), बाजेको नामः आइत बहादुर गिरी, बाबुको नामः रमेश गिरी, ठेगानाः कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. २६, आवाशक्षेत्र ।
**व्यक्तिगत जमानतकर्ता:**
**लक्ष्मी देवी गिरी:** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३२०५७ (२०५६/०९/११/कैलाली), बाबुको नामः कृष्ण नाथ योगी, ससुराको नामः आइत बहादुर गिरी, पतिको नामः रमेश गिरी, ठेगानाः कैलाली जिल्ला, धनगढी उ.म.न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. २६, आवाशक्षेत्र ।

NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands

Member of : Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

HUAWEI

Huawei Technologies Nepal Company Private Ltd is a telecommunication solution provider with long-term partnership with operators in Nepal. Working with our customers, we are committed to enriching people's lives through communication. Huawei is seeking for qualified candidates in following positions

# VACANCY

**Position: Service Quality Assurance Specialist**

**No. of Person required: 1**

**Job Responsibilities:**
- Responsible for the quality assurance management planning and evaluating Quality Assurance (QA) standards.
- Run test to check on the functionality of a process and analyze whether it is running according to the required specifications.
- Do quality checks using focus groups, interviews or surveys.
- Testing and implementing quality improvement processes.
- Supervising Quality Service Technicians and Conducting QA training.
- Documenting defects and promoting quality improvement.

**Qualification:**
- Bachelors in Engineering or equivalent.
- Minimum 2 years of work experience in telecom field, in the similar role.
- Excellent interpersonal, negotiation & team working skills.
- Need to be team player with great attitude of being initiative and always willing to take challenges.
- Good proficiency in English language both spoken & written. Ability to speak and write Chinese language will be an added advantage.

**Interested Candidates for all of the above positions are requested to send Job application, CV and copy of educational certificates at *nepal@huawei.com* by *18th May, 2025*. Preference will be given to Nepalese citizens.**

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय चरिकोट, दोलखाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/०१/२८ गतेको मध्यान्ह राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

दोलखा जिल्ला, भिमेश्वर न.पा. वडा नं. ७ स्थित रजिष्टर्ड कार्यालय रही प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ बमोजिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य, तथा उपभोक्त हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बाग्मती प्रदेश, नेपाल चरिकोट, दोलखामा मिति २०७७ साल असोज महिना २१ गते रोज ४ मा प्रा.फ.र.नं. ३०४७/०७७/०७८ तथा आन्तरिक राजश्व कार्यालय धुलिखेलमा मिति २०७७/०६/२२ मा स्थायी लेखा नम्बर (PAN) ११९८३५४२९ अन्तर्गत दर्ता कायम भएको **एम.वि. युनिक कृषि तथा पशुपंन्छी फर्म** ।
**प्रोप्राइटर : महेन्द्र बस्नेत**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. धर्म सिंह बस्नेतको नाति, नर बहादुर बस्नेतको छोरा, दोलखा जिल्ला, साविक भीमेश्वर न.पा. वडा नं. १३ स्थायी ठेगाना भई हाल दोलखा जिल्ला, भिमेश्वर न.पा. वडा नं. ७ बस्ने **महेन्द्र बस्नेत** (ना.प्र.नं. २२१०१४/१६२६, जारी मिति २०६५/०९/०१, जि.प्र.का. दोलखा) ।

२. धर्म सिंह बस्नेतको नाति, नर बहादुर बस्नेतको छोरा, दोलखा जिल्ला, साविक भिमेश्वर न.पा. वडा नं. १३ स्थायी ठेगाना भई हाल दोलखा जिल्ला भिमेश्वर न.पा. वडा नं. ७ बस्ने **रामकृष्ण बस्नेत** (ना.प्र.नं. ४०१५८, जारी मिति २०६२/०२/१७, जि.प्र.का. दोलखा) ।

३. धर्म सिंह बस्नेतको बुहारी, नर बहादुर बस्नेतको पत्नी, दोलखा जिल्ला, साविक मकैबारी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल दोलखा जिल्ला भिमेश्वर न.पा. वडा नं. ७ बस्ने **विष्णु माया बस्नेत** (ना.प्र.नं. १७६१/३५८०, जारी मिति २०४२/१२/१४, जि.प्र.का. दोलखा) ।

**धितोको विवरण**

१. विष्णु माया बस्नेत (ना.प्र.नं. १७६१/३५८०, जारी मिति २०४२/१२/१४, जि.प्र.का. दोलखा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक लिखत पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको दोलखा जिल्ला, साविक मकैबारी गा.वि.स./न.पा. वडा नं. ८ नक्सा सिट नं. १५८११२२ हाल दोलखा जिल्ला, भिमेश्वर न.पा. वडा नं. ७ स्थित कि.नं. ४८२, ५७४, र ५८७ को क्षेत्रफल क्रमश: ५४०, ५१० र १७०० (व.मि.) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. एम.वि. युनिक कृषि तथा पशुपंन्छी फर्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

Siddhartha Bank
शाखा कार्यालय : चरिकोट, दोलखा
फोन नं. ०४९-४२११२१
Website : www.siddharthabank.com

## मलेसियामा रोजगार

**कम्पनीः DELTA ZEEFORCE SECURITY SERVICES SDN BHD** शहरः KELANG
पूर्व स्वीकृत मितिः २०८१/१२/२५ चलानी नं.:६०२३५६९५ L.T. No.: 321585 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security | 150 | 0 | स. काममा दक्ष | 1700 | ५३,९२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**कम्पनीः DELTA SECURITY FORCE SDN BHD** शहरः KELANG
पूर्व स्वीकृत मितिः २०८१/१२/२५ चलानी नं.:६०२३५७४६ L.T. No.: 321367 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security | 42 | 0 | स. काममा दक्ष | 1700 | ५३,९२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**प्रि-अन्तर्वार्ता कार्यालयमा २०८२ जेठ १, २ र ३ गते (15, 16 & 17 May 2025) मा हुनेछ ।**
**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८२ जेठ ४ गते (18 May 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**DITYA INTERNATIONAL PVT. LTD.**
श्रम ई. पत्र नं.: ११७१/०७३/०७४
Sinamanga-9, Manpower Bazar, Kathmandu, Tel.: 01-5912818,9801362589
Mobile: +977 980-2343491,+977 980-8461595, +977 976-7987990
E-mail : dityaintl3@gmail.com, Web.: www.dityainternational.com

# ‘राम नाम सत्य’मा सुशील अनुबन्ध



**काठमाडौं/मस**–चलचित्र ‘राम नाम सत्य’मा सुशील श्रेष्ठ अनुबन्ध भएका छन्। विराज भट्टपछि सुशील यो चलचित्रमा अनुबन्ध भएका हुन्।

‘राम नाम सत्य’लाई म्युजिक भिडियो निर्देशक माइकल चन्दले निर्देशन गर्दैछन्। चलचित्रको स्क्रिप्ट सुनेपछि आफू निकै उत्साहित भएको सुशीलले बताए। एक्सन, लभ स्टोरी र सस्पेन्स जानरामा चलचित्र निर्माण हुनेछ।

चलचित्रमा अब नायिका र केही कलाकार अनुबन्ध गर्न बाँकी छ। माइकल इन्टरटेन्मेन्ट हाउसको ब्यानरमा निर्माण हुन लागेको यो चलचित्रमा उपेन्द्र शाही, स्वेता विमली र उत्तम गुरुङको लगानी रहनेछ।

चलचित्रमा कार्यकारी निर्माता डाक्टर डी आर उपाध्याय, टी आर गौडेल र नरेन्द्र शाह छन्।

# ‘थाहै नपाई’ सार्वजनिक




**काठमाडौं/मस**– लोकदोहरी गीतसंगीतको क्षेत्रमा पृथक पहिचान बनिसकेकी गायिका सन्जु न्यौपाने र विनोद गजमेरको स्वर समेटिएको दोहरी गीत ‘थाहै नपाई’ सार्वजनिक भएको छ। यसमा शब्द, संगीत अनिश दवाडी, संगीत संयोजक बिनोद बाजुराली, मिस्किङ माष्टरिङ खडक बाजुरालीको रहेको छ।

जुन गुरुङ र भीम बिकको अभिनय रहेको भिडियोमा छायांकन करण चैसिर, सम्पादन दिपक विष्ट निर्देशन विशाल घिमिरेको रहेको छ।


## नबिल बैंक लिमिटेड, न्यूरोड शाखा , काठमाण्डौंको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मिति : २०८२/०१/२८)**

